का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ असोज २०८३
आइतबार
20 September 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक २४१। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# शक्ति बढाउँदै सोविता

कानुनमन्त्री एउटै व्यक्ति हो, जसले मन्त्रालयको नेतृत्वसँगै न्यायाधीश नियुक्ति र सरुवा गर्ने न्याय परिषद्, न्याय सेवाको कर्मचारी संरचना हेर्ने न्याय सेवा आयोगमा सदस्यका रूपमा भूमिका खेल्नुपर्ने हुन्छ। सबै सरकारी विधेयक हेर्नुपर्छ। यसलाई विस्तार गर्दै कानुनमन्त्रीलाई नेपाल कानुन आयोग र राष्ट्रिय कानुनी सहायता परिषद्को नेतृत्व दिलाउने गरी ऐन बनाउन खोजिँदैछ।

- न्याय सेवा आयोग : सदस्य
- न्याय परिषद् : सदस्य
- राष्ट्रिय न्यायिक प्रतिष्ठान : सदस्य
- कानुन निर्माण प्रक्रियामा संसद्सँग समन्वय गर्ने प्रमुख व्यक्ति
- सरकारी सबै विधेयकमा कानुन मन्त्रालयको स्वीकृति अनिवार्य
- नेपाल कानुन आयोग : अध्यक्ष (प्रस्तावित)
- राष्ट्रिय कानुनी सहायता परिषद् : अध्यक्ष (प्रस्तावित)

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ असोज

सरकारले निःशुल्क कानुनी सहायतासम्बन्धी विधेयक २०८३ ल्याएको छ। कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले २ असोज २०८३ मा प्रतिनिधिसभामा दर्ता गरेको यो विधेयकमा राष्ट्रिय कानुनी सहायता परिषद् गठनको प्रस्ताव छ।

प्रस्तावित विधेयकअनुसार कानुन न्याय तथा संसदीय मामिलामन्त्रीकै नेतृत्वमा परिषद गठन हुनेछ। परिषद्को सदस्यहरूमा महान्यायाधिवक्ता, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुन सचिव, अर्थ मन्त्रालयका सचिव रहन्छन्।

साथै, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, सबै प्रदेशका मुख्य न्यायाधिवक्ता, नेपाल बार एशोसिएशनका अध्यक्ष र निःशुल्क कानुनी सहायता प्रदान गर्ने संस्थामध्येबाट परिषद्ले मनोनयन गरेको कम्तीमा एकजना महिलासहित दुईजना सदस्य रहन्छन्।

नेपाल नगरपालिका संघका अध्यक्ष, राष्ट्रिय गाउँपालिका महासंघका अध्यक्ष, कानुनी शिक्षा अध्यापन गराउने विश्वविद्यालयमध्येबाट परिषद्ले मनोनयन गरेको कानुन संकायको डीन एकजना पनि यो परिषद्को सदस्य रहन्छन्। कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवले सदस्य पृष्ठ २ मा

> विपद्को सुरुमा २५ वटा विद्यालयमा आश्रय स्थल बनाइएकोमा हाल त्यो संख्या घटेर १८ मा झरेको छ, विपद् व्यवस्थापन समितिले नै आश्रय स्थलका रूपमा प्रयोग गरिएका विद्यालयहरूलाई ३० दिनभित्र खाली गराएर कक्षा सञ्चालन गर्ने निर्णय गरेको छ।
>
> **शंकर अधिकारी**
> **उपसचिव**
> **शिक्षा तथा खेलकुद मन्त्रालय**



# विद्यालयमा होल्डिङ सेन्टर, ट्रमामा विद्यार्थी

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ३ असोज

भोटेकोशीमा आएको बाढीले विद्यालयका भौतिक संरचना ध्वस्त बनाएपछि बालबालिकाको नियमित पठनपाठन मात्र प्रभावित भएको छैन, उनीहरूको सिकाइ निरन्तरता, मानसिक अवस्था र सामाजिक व्यवहारमा समेत असर देखिन थालेको छ। विद्यालयबाट विस्थापित भएर अस्थायी आश्रयस्थलमा बस्न बाध्य बालबालिका पढाइ, खेलकुद र मनोरञ्जनबाट टाढिँदै जाँदा उनीहरूको शैक्षिक तथा मनोसामाजिक विकासमा चुनौती थपिएको राष्ट्रिय बालअधिकार परिषद्ले गरेको 'रसुवा बाढीप्रभावित बालबालिकाको अवस्था तथा आवश्यकतासम्बन्धी द्रुत लेखाजोखा प्रतिवेदन २०८३'ले जनाएको छ।

प्रतिवेदनका अनुसार रसुवा र नुवाकोटमा बाढीले विद्यालयका भवन तथा अन्य भौतिक संरचनामा क्षति पुऱ्याएपछि बालबालिकाको नियमित पृष्ठ २ मा

दिनभर अस्थायी आश्रयस्थलमा बस्नुपर्ने र खेलकुद, मनोरञ्जन तथा सिकाइका गतिविधि सीमित हुँदा बालबालिकामा निराशा, तनाव, टोलाउने तथा व्यवहारमा परिवर्तन देखिन थालेको अध्ययनले देखाएको छ।

### अस्थायी सिकाइ केन्द्रमार्फत पठनपाठन सुचारु

शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव शंकर अधिकारीले बाढी प्रभावित क्षेत्रका विद्यालय सञ्चालनका लागि वैकल्पिक व्यवस्था गरेर पठनपाठन सुचारु गरिएको बताउँछन्।

'विपद्को सुरुमा २५ वटा विद्यालयमा आश्रय स्थल बनाइएकोमा पृष्ठ २ मा

महाधिवेशनमा कांग्रेस

# उत्साहित गगन, निराश देउवा–कोइराला

वडा-वडामा अधिवेशन भइरहँदा नेपाली कांग्रेसका स्थानीय नेता/कार्यकर्ता उत्साही देखिन्छन्। तर, पूर्वसभापति शेरबहादुर देउवासहित पूर्णबहादुर खड्का, डा. शेखर कोइराला, कृष्ण सिटौलालगायतका नेताहरू भने विशेष महाधिवेशनको आधिकारिता विवादमै अल्झिरहेका छन्।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनको प्रक्रिया सुरु भएको छ। नेताहरूका अनुसार वडास्तरमा अधिवेशनको रौनक छ। तर पार्टीका केही शीर्ष र पुराना नेताहरू भने अझै पनि विशेष महाधिवेशनको आधिकारिता विवादमै अल्झिरहेका छन्।


असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा केन्द्रीय पृष्ठ २ मा

### अडिग देउवा

शनिवार र आइतबार अधिवेशनमा भाग नलिएका नेताहरू असोज १५ गते अर्को पक्षबाट वडा अधिवेशन गर्ने तयारीमा जुटेका छन्। डा. शशांक कोइरालाको संयोजकत्वमा महाधिवेशन आयोजक समितिले मंसिरमा १५ औं महाधिवेशन गर्नेगरी असोज १५ पृष्ठ २ मा



> १५औं महाधिवेशनलाई एकताको महाधिवेशन बनाउन शेरबहादुर देउवाको सभापति पदलाई सर्वमान्य नेताको रूपमा परिणत गराउन प्रयासमा छौं।
>
> **मीन विश्वकर्मा**, नेता



# एसियाली खेलकुदको भव्य उद्घाटन

*काठमाडौं/मस- २०औं संस्करणको एसियाली खेलकुद प्रतियोगिता शनिबारदेखि जापानमा औपचारिक रूपमा सुरु भएको छ। जापानको नागोया पालेमा मिजुहो एथलेटिक्स रंगशालामा भव्य समारोहबीच जापानका सम्राट नारु हितोले प्रतियोगिताको उद्घाटन गरे। उद्घाटन समारोहमा बक्सिङ खेलाडी चन्द्रबहादुर थापा र कबड्डी खेलाडी मानमति बिष्टले नेपालको झन्डा बोकेका थिए। यस संस्करणको एसियाली खेलकुदमा नेपालबाट २१ खेलमा १३५ खेलाडीले प्रतिस्पर्धा गर्दैछन्। नेपालबाट सहभागी हुने खेलाडीमा ५७ महिला र ७८ पुरुष रहेका छन्।*

विस्तृत समाचार पृष्ठ ५ मा

वैदेशिक रोजगार विशेष

# मलेसिया समस्या लम्बिए नेपाललाई ठूलो क्षति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

अदक्ष र अर्धदक्ष नेपाली श्रमिकको आकर्षक गन्तव्य मलेसियाको रोजगारी कूटनीतिक सुरुङमा प्रवेश गरेसँगै उक्त मुलुकको रोजगारीमाथि अनिश्चितता सुरु भएको छ। यसअघि मलेसिया जाने कामदारमाथि थप शुल्क लगाएर ठगी गरेको भन्दै तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०७५ सालमा श्रम स्वीकृति दिन रोकेपछि सहमति र खुला हुन करिब १५ महिना लागेको थियो।

त्यतिबेला मलेसिया जाने कामदारमाथि विभिन्न बहानामा मेडिकल परीक्षणका नाममा थप शुल्क लगाएर ठगी गरेको भन्दै सरकारले मलेसियाका लागि श्रम स्वीकृति दिन रोकेको थियो।

अघिल्लो वर्ष स्वयं मलेसियाले नै विदेशी कामदार लिन बन्द गरेको थियो। त्यसबेला पनि ६ महिनाभन्दा बढी समय नेपालीको मलेसिया रोजगारी अवरुद्ध बन्न पुगेको थियो।

यसपटक सिंगो व्यवसाय, गैरसरकारी क्षेत्र र सरकार नै तरंगित हुने गरी २७५ म्यानपावर कम्पनीलाई मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस) मा समावेश गरिएको छ। परिणामस्वरूप नेपाल सरकारले ती कम्पनीको नयाँ मागपत्र प्रमाणीकरण र पूर्वस्वीकृति रोकिदिएको छ। २५ मुख्य कम्पनीको कारोबार र उनीहरू छनोटको आधारबारे अनुसन्धान हुने वैदेशिक रोजगार विभागले बताएको छ। मलेसियाको 'सिन्डिकेट' बारेमा संसद्मा समेत जोडदार रूपमा आवाज उठेको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयले समस्या समाधानका लागि कूटनीतिक प्रयास सुरु गरिएको बताएको छ। तर वार्ताको प्रक्रिया औपचारिकदेखि अनौपचारिक, कतिपय अवस्थामा विरोधाभाषी र प्रतिस्पर्धी हुँदा सौदाबाजीका रणनीतिहरूले परिस्थितिलाई जित-हारको चरणमा समेत पुऱ्याउने गर्दछ।

कूटनीतिलाई मैत्रीपूर्ण उपायहरूको प्रयोगमार्फत विदेशमा राष्ट्रको राष्ट्रिय हित स्थापित गर्ने कला, बुद्धिमत्ता र चातुर्यको प्रयोगका रूपमा समेत हेर्ने गरिएको छ।

श्रममन्त्री रामजी यादवले प्रक्रियालाई छिटो टुंगोमा पुऱ्याउन नेपालका लागि पृष्ठ २ मा




मध्यान्ह
www.madhyanhadaily.com
४ असोज २०८३ आइतबार
20 September 2026 Sunday

### बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार जारी

# सेनाद्वारा ४ हजार १९५ जनाको उद्धार

**काठमाडौं/मस-** नेपाली सेनाले बाढी तथा पहिरो प्रभावित विभिन्न क्षेत्रबाट हालसम्म ४ हजार १९५ जनाको हवाई उद्धार गरेको छ। उद्धार गरिएकामध्ये ३ हजार ९१२ जना नेपाली र २८३ जना विदेशी नागरिक रहेका छन्। सेनाले २०८३ आश्विन ३ गते साँझ ६ बजेसम्मको खोज तथा उद्धारसम्बन्धी विवरण सार्वजनिक गर्दै प्रभावित क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी रहेको जनाएको छ।

माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको अडिट-३ टनेलमा नेपाली सेना र आयोजनाका प्रतिनिधिसहितको संयुक्त उद्धार टोलीले खोजी गर्ने क्रममा ११ वटा शव फेला पारेको थियो। ती शव नेपाली सेनाको हेलिकप्टरमार्फत त्रिशूली ल्याइएको सेनाले जनाएको छ। टनेलमा थप खोजी कार्य जारी छ।

त्यस्तै, त्रिशूली-३ 'ए' को टनेल तथा पावर हाउस क्षेत्रमा आयोजनाका प्रतिनिधिहरूको संयुक्त टोलीले खोजी गरिरहेको छ। त्रिशूली-३ 'बी' मा नेपाली सेनासहितको संयुक्त टोलीले तीनवटा एक्साभेटर र लोडर प्रयोग गरी पावर हाउस क्षेत्रमा उत्खनन गरे पनि थप केही फेला नपरेको सेनाले जनाएको छ।




लाङटाङ जलविद्युत् आयोजना र चिलिमे जलविद्युत आयोजनामा समेत खोजी कार्य गरिएको छ। ती स्थानमा हालसम्म केही फेला नपरेको जनाइएको छ। सेनाले रसुवा र नुवाकोटका त्रिशूलीपारि कोलोनी, तुप्चे, दानसिङ, सामरी भञ्ज्याङ, कालिकास्थान, मान्चेतलगायत विभिन्न प्रभावित क्षेत्रमा बेस स्थापना गरी पैदल गस्तीमार्फत खोजी कार्य गरिरहेको छ।

साँघुरा टनेलको रेकी गर्नुका साथै प्रभावित क्षेत्रमा खोज तथा मूल्यांकनको काम पनि भइरहेको छ। सडक सम्पर्कबाट विच्छेद भएका तथा दुर्गम क्षेत्रमा ड्रोनको प्रयोग गरी राहत सामग्री ढुवानी गर्ने कार्यसमेत भइरहेको सेनाले जनाएको छ।

रसुवाको टिमुरेदेखि नुवाकोट, धादिङ, चितवन तथा नवलपरासी पूर्व र पश्चिमका प्रभावित क्षेत्रमा नेपाली सेनाका ८ हजार ७ सयभन्दा बढी फौज प्रत्यक्ष रूपमा परिचालन भएका छन्। उनीहरूले खोज तथा उद्धार, शव व्यवस्थापनमा सहयोग, राहत सामग्री ढुवानी, अवरुद्ध सडक तथा पुल सञ्चालन र आपत्कालीन उपचारलगायतका काम गरिरहेका छन्।

बाढी प्रभावितको स्वास्थ्य उपचारका लागि नेपाली सेनाले त्रिशूली र धुन्चेमा स्थापना गरेको आपत्कालीन उपचार केन्द्र तथा मेडिकल पेट्रोलबाट हालसम्म ३ हजार ९९६ जनाले सेवा लिएका छन्। यसैबीच, बाढीका कारण भासिएर अवरुद्ध भएको पृथ्वीराजमार्गअन्तर्गत धादिङको रोराङ गाउँपालिका-३ स्थित शीतलबजार क्षेत्रमा सडक खुलाउने काम पनि भइरहेको सेनाले जनाएको छ।

# संविधान दिवसका अवसरमा दुबईमा झन्डोत्तोलन र शहीदप्रति सम्मान

**निशान्त पाठक/मध्यान्ह**
दुबई, ३ असोज



'संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३'का अवसरमा नेपाली महावाणिज्य दूतावास, दुबईमा झन्डोत्तोलन, राष्ट्रिय गान तथा ज्ञात-अज्ञात शहीदहरूको सम्मानमा मौनधारण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा नेपाली महावाणिज्य दूतावासका कूटनीतिक कर्मचारी, नेपाल एसोसिएसन-एनआरएनए एनसिसी, गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् यूएई, नेपाली समाज यूएई, विभिन्न वैचारिक संगठन, आदिवासी जनजाति महासंघ यूएई, नेपाल पत्रकार महासंघ यूएईलगायत विभिन्न नेपाली संघसंस्था तथा समाजका प्रतिनिधि, विभिन्न पेशा तथा व्यवसायमा आबद्ध नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा करिब २५ जना नेपालीको उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै महावाणिज्यदूत हरिप्रसाद ओडारीले नेपाली जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त संविधानले प्रत्याभूत गरेका हक, अधिकार तथा लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षण गर्दै संघीय लोकतान्त्रिक शासन प्रणालीको संस्थागत विकास गर्नु सबैको दायित्व रहेको बताए।

उनले मुलुकमा दिगो शान्ति, विकास, समृद्धि तथा सुशासन कायम गर्न सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै नेपाल सरकारले सुशासन र समृद्धिका क्षेत्रमा अघि सारेका नीति तथा कार्यक्रम एवं विकास निर्माणका कार्यमा सबैले साथ र सहयोग गर्नुपर्नेमा जोड दिए।

महावाणिज्यदूत ओडारीले नेपालमा हालै आएको प्राकृतिक विपत्तिबाट उत्पन्न परिस्थितिको सामना गर्न नेपाली समुदायले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नसमेत आह्वान गरे।

कार्यक्रममा गैरआवासीय नेपाली संघ यूएई तथा यूएईमा क्रियाशील विभिन्न वैचारिक संघसंगठनका अध्यक्ष तथा प्रतिनिधि, नेपाली समाज यूएई, नेपाल पत्रकार महासंघ यूएईलगायत विभिन्न संघसंस्था तथा नेपाली समुदायका प्रतिनिधिहरूले संविधान दिवसका अवसरमा आफ्ना धारणा राखेका थिए। उनीहरूले संविधानले प्रत्याभूत गरेका हक तथा अधिकारको संरक्षण र कार्यान्वयनका लागि आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमको सञ्चालन नेपाली महावाणिज्य दूतावास, दुबईका उपमहावाणिज्यदूत कृष्णप्रसाद सापकोटाले गरेका थिए।

# करेन्ट लागेर जंगली हात्ती 'रोनाल्डो'को मृत्यु

**चितवन/मस-** चितवन राष्ट्रिय निकुञ्जको बरन्डाभारमा विद्युतीय तारमा परेर जङ्गली हात्ती 'रोनाल्डो'को मृत्यु भएको छ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार टिकौली गेटबाट बरन्डाभार पोस्टतर्फ लगिएको विद्युतीय तारमा परेर अन्दाजी ४५ वर्षीय हात्ती मृत अवस्थामा भेटिएको हो।

हात्तीको मुखमा १६ फिट माथिबाट तानिएको प्लास्टिकले बेरिएको (कोटेड) तार देखिएको थियो। प्रारम्भिक अनुमानअनुसार शुक्रबार राति हिँड्ने क्रममा हात्तीले सूँडले तार छुँदा करेन्ट लागेको हुनसक्ने थापामगरले बताए।

'रोनाल्डो' केही वर्षअघिसम्म आक्रामक स्वभावको भए पनि पछिल्ला वर्षमा निकै शान्त रहेको निकुञ्जले जनाएको छ। थापामगरका अनुसार यकिन तथ्याङ्क नभए पनि विगतमा रिसाउँदा उक्त हात्तीले पाँच-छ जनालाई आक्रमण गरी मारेको अनुमान छ।

रोनाल्डो चितवनको खोरसोरस्थित हात्ती प्रजनन तथा तालिम केन्द्रसँग लामो समयदेखि जोडिएको थियो। केन्द्रका मणिपुरण चौधरीका अनुसार विसं २०६५/६६ देखि रोनाल्डो केन्द्रमा आउने-जाने गरेको थियो।

चौधरीका अनुसार विसं २०५० यता केन्द्रमा जन्मिएका ७१ वटा छावामध्ये ३३ वटाको बाउ रोनाल्डो हो। केन्द्र विसं २०४४ मा स्थापना भएको हो भने विसं २०५० देखि त्यहाँ हात्तीका छावा जन्मिन थालेका हुन्।

यस वर्ष बच्चा जन्माउन लागेका ऐश्वर्यमाला र कर्णालीकलीलाई पनि रोनाल्डोले नै प्रजनन गराएको चौधरीले बताए।

---

### शक्ति...

सचिवको भूमिका निर्वाह गर्नेछन्। मन्त्रालयका अनसार असमर्थ पक्षलाई निःशुल्क कानुनी परामर्श वा सल्लाह लिन पाउने अधिकार दिन विधेयक ल्याइएको हो। विधेयकहरू त्यस्ता व्यक्तिलाई मुद्दाको कारवाही, सुनुवाइ तथा फैसला कार्यान्वयनको अवस्थामा समेत कानुन सहायता अधिकार प्राप्त हुनेछ।

मन्त्री गौतमका अनुसार असमर्थ पक्षलाई निःशुल्क कानुनी परामर्श वा सल्लाह लिन पाउनेदेखि मुद्दाको कारवाही, सुनुवाइ तथा फैसला कार्यान्वयनको अवस्थामा समेत कानुन सहायता अधिकार प्राप्त हुने व्यवस्था मिलाइएको छ।

मन्त्री गौतमले विधेयकमै लेखेकी छन्, 'फौजदारी मुद्दामा पक्राउ परी आफै कानुन व्यवसायी राख्न नसक्ने व्यक्तिको हकमा पक्राउ परेको समयदेखि नै निःशुल्क कानुनी सहायता प्राप्त गर्ने अधिकार हुने कुराको समेत सुनिश्चितता गरिएको छ।'

तर राष्ट्रिय कानुनी सहायता परिषद्को अध्यक्ष मन्त्री नै हुनुपर्ने कारणबारे विधेयकमा केही भनिएको छैन। यसबाहेक पनि मन्त्री अध्यक्ष रहनेगरी अन्य विधेयक संसद्मा पुगेका छन्।

कानुनमन्त्री नै नेपाल कानुन आयोगको अध्यक्ष हुनेगरी 'नेपाल कानुन आयोग ऐन २०६३' संशोधन गरिँदै छ।

२८ साउन २०८३ गते प्रतिनिधिसभामा दर्ता भएको विधेयक ऐनमा रुपान्तरित भए आयोगको वर्तमान संरचनामा फेरबदल हुनेछ। हाल आयोगको अध्यक्ष सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा न्यायाधीश हुन योग्यता पुगेको व्यक्तिमध्येबाट सरकारले नियुक्त गर्ने व्यवस्था छ।

यो व्यवस्था हटाएर कानुनमन्त्री नै आयोगको अध्यक्ष हुने व्यवस्था विधेयकको दफा ३ मा छ।

कानुनमन्त्री अध्यक्ष हुने भएपछि उपाध्यक्ष र सदस्यहरूको योग्यता र काम, कर्तव्य तथा अधिकार थप व्यवस्थित गर्न खोजिएको छ। विधेयकअनुसार कानुन तर्जुमाको क्षेत्रमा काम गरी विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा कानुन तर्जुमाको क्षेत्रमा कम्तीमा २० वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति उपाध्यक्ष हुन्छन्।

कानुन तर्जुमाको क्षेत्रमा कम्तीमा १५ वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेका दुईजना सदस्य हुन्छन्। संवैधानिक वा कानुनको क्षेत्रमा अध्यापन वा अनुसन्धानसम्बन्धी कार्यमा कम्तीमा १५ वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना सदस्य हुन्छन्।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव पनि आयोगको सदस्य हुन्छन्। अनि आयोगका सचिवले सदस्य सचिवको भूमिका निर्वाह गर्नेछन्।

यसरी आयोग ७ सदस्यीय हुन्छ। जसमा कानुन मन्त्री अध्यक्ष हुन्छन् भने कानुन मन्त्रालयका सचिव सदस्यका रूपमा रहन्छन्। आयोगका सचिव सदस्यसचिव रहन्छन्।

साथै, हाल कानुन आयोगको सदस्य भन्नाले अध्यक्ष, उपाध्यक्ष, मानार्थ सदस्य र सदस्य सचिवसमेतलाई बुझाउँछ। प्रस्तावित विधेयकमा मानार्थ सदस्यको प्रावधान नै हटाइएको छ।

विधेयकको नयाँ परिभाषाअनुसार आयोगको उपाध्यक्ष, सदस्य र सचिव सदस्यको दायरामा पर्नेछन्।

यो विधेयकलाई लिएर संसद्मा आयोगको अध्यक्षमा मन्त्री नै किन भन्ने प्रश्न उठेको छ। मन्त्री गौतमले भने नेपाल कानुन आयोगलाई कानुन तर्जुमा तथा कानुन र न्यायसम्बन्धी अध्ययन अनुसन्धानको क्षेत्रमा उत्कृष्ट निकाय (सेन्टर फर एक्सिलेन्सी) को रूपमा विकास गर्ने सरकारको उद्देश्य रहेको बताउँदै आएकी छन्।

यही विषय विधेयकमा पनि लेखेकी छन्।

विधेयकको उद्देश्य र कारणमा भनिएको छ, 'नेपाल कानुन आयोगलाई कानुन तर्जुमा तथा कानुन र न्यायसम्बन्धी अध्ययन अनुसन्धानको क्षेत्रमा उत्कृष्ट निकाय (सेन्टर फर एक्सिलेन्सी) को रूपमा विकास गर्न मौजुदा कानुनी व्यवस्था पर्याप्त नभएकोले नेपाल कानुन आयोगको संरचना र कार्यक्षेत्रमा आवश्यक परिमार्जन गरी आयोगको समग्र कार्यसम्पादनको स्तर सुधार गर्न नेपाल कानुन आयोग ऐन २०६३ लाई संशोधन गर्न यो विधेयक तयार गरिएको छ।'

परिवर्तित व्यवस्था ऐनमा रुपान्तरण भए नेपाल कानुन आयोगबाट सम्पादन हुने काम कारबाही छिटो छरितो, प्रभावकारी र गुणस्तरीय हुने सरकारको विश्वास छ।

विधेयकमा जे जस्ता तर्क गरे पनि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले पछिल्ला समय ल्याएका दुई महत्वपूर्ण विधेयकमा कानुनमन्त्री नै अध्यक्ष हुने व्यवस्था प्रस्तावित छ। यसले कानुनमन्त्रीको क्षेत्राधिकार बढाउँछ र शप शक्ति प्रदान गर्दछ।

यसअघि नै परिभाषित जिम्मेवारी पनि यथावत छँदैछ।

कानुनमन्त्री न्याय परिषद्मा सदस्य हुन्छन्। नेपालको संविधानको धारा १५३ अनुसार प्रधानन्यायाधीश अध्यक्ष रहने न्याय परिषद्म संघीय कानुनमन्त्री सदस्य हुन्छन्। परिषद्ले न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी तथा न्याय प्रशासनका विषयमा सिफारिस र परामर्श गर्छ।

संविधानअनुसार प्रधानन्यायाधीश अध्यक्ष रहने न्याय सेवा आयोगमा पनि कानुनमन्त्री सदस्य हुन्छन्। आयोग संघीय न्याय सेवाका कर्मचारीको नियुक्ति तथा बढुवासम्बन्धी महत्वपूर्ण भूमिकामा रहन्छ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानको परिषद्मा पनि कानुनमन्त्री सदस्य हुन्छन्। परिषद्को अध्यक्ष प्रधानन्यायाधीश हुन्छन्। यसको कार्यकारी समितिमा मन्त्रालयका सचिव सदस्य रहन्छन्।

विधेयक/कानुन निर्माण प्रक्रियामा सरकारको तर्फबाट यसबाहेक संघीय संसद्सँग समन्वय गर्ने प्रमुख जिम्मेवारी कानुन न्याय तथा संसदीय मामिला मन्त्रीलाई नै छ।

संसद्मा दर्ता हुनुअगाडि सबै सरकारी विधेयकमा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले कानुनी राय दिन्छ। यो जिम्मेवारी पनि कानुनमन्त्रीलाई छ।

अर्थात्, प्रस्तावित विधेयकमार्फत विगतमा रहेका जिम्मेवारी यथावत राखेर कानुनमन्त्रीलाई थप अधिकार वा शक्ति दिन खोजिँदैछ।

कानुनमन्त्री एउटै व्यक्ति हो, जसले मन्त्रालयको नेतृत्वसँगै न्यायाधीश नियुक्ति र सरुवा गर्ने, न्याय परिषद्, न्याय सेवाको कर्मचारी संरचना हेर्ने न्याय सेवा आयोगमा सदस्यका रूपमा भूमिका खेल्नुपर्ने हुन्छ। सबै सरकारी विधेयक हेर्नुपर्छ। यसलाई विस्तार गर्दै कानुनमन्त्रीलाई नेपाल कानुन आयोग र राष्ट्रिय कानुनी सहायता परिषद्को नेतृत्व दिलाउने गरी ऐन बनाउन खोजिँदैछ।

### विद्यालयमा...

सिकाइ प्रक्रिया प्रभावित भएको पाइएको छ। 'बाढीबाट विद्यालय भवन क्षतिग्रस्त भएपछि कतिपय विद्यालयमा तत्काल पठनपाठन सञ्चालन गर्न सकिने अवस्था छैन' प्रतिवेदनमा भनिएको छ।

धादिङको गल्छी गाउँपालिका-६, बैरेनीस्थित बागेश्वरी माध्यमिक विद्यालय बाढीबाट पूर्ण रूपमा प्रभावित भएको छ। विद्यालयमा करिब ७५ जना विद्यार्थी अध्ययनरत रहेको र विद्यालयको भौतिक संरचना पूर्ण रूपमा क्षतिग्रस्त छ। त्यस्तै बाढीले नजिकैका राइजिङ मिलेनियम तथा अन्य विद्यालयमा समेत क्षति पुगेको छ। बाढीका कारण विद्यालयका कक्षाकोठामा बालुवा र हिलो माटो थुप्रिएको छ। कतिपय कक्षाकोठामा माटो भरिएकाले तत्काल सफा गरेर पठनपाठन सञ्चालन गर्न कठिन भएको छ। विद्यालयका भवन क्षतिग्रस्त भएपछि विद्यार्थीहरू नियमित कक्षामा सहभागी हुन पाएका छैनन्।

प्रतिवेदनका अनुसार, नुवाकोटमा पाँच र रसुवामा चारवटा बाढी प्रभावित स्थानका १२ वटा विद्यालय पूर्ण रूपमा ध्वस्त भएका छन्। विद्यालयका भवन तथा अन्य संरचना नष्ट भएपछि विद्यार्थीको नियमित सिकाइमा अवरोध पुगेको छ। अस्थायी आवासमा रहेका बालबालिका नियमित विद्यालय, शिक्षक, साथी तथा सिकाइ वातावरणबाट टाढा रहनुपर्ने अवस्था सिर्जना भएको छ। दिनभर अस्थायी आश्रयस्थलमा बस्नुपर्ने र खेलकुद, मनोरञ्जन तथा सिकाइका गतिविधि सीमित हुँदा बालबालिकामा निराशा, तनाव, टोलाउने तथा व्यवहारमा परिवर्तन देखिन थालेको अध्ययनले देखाएको छ।

राष्ट्रिय बाल अधिकार परिषद्ले अस्थायी आश्रयस्थल तथा होल्डिङ सेन्टरमा स्थलगत रूपमा अध्ययन गरेको अनुसार, बालबालिकाका लागि दिनचर्या व्यवस्थापन, खेलकुद, मनोरञ्जन, सिकाइ तथा मनोसामाजिक सहयोगका लागि पर्याप्त सामग्री र गतिविधि नभएको पाइएको छ। बाढीका कारण घर, विद्यालय र नियमित सामाजिक वातावरणबाट विस्थापित भएका बालबालिकालाई सुरक्षित आवाससँगै शिक्षा र मनोसामाजिक सहयोग उपलब्ध गराउन नसके उनीहरूको सिकाइ निरन्तरता र समग्र विकासमा दीर्घकालीन असर पर्न सक्ने चिन्ता देखिएको छ।

### अस्थायी...

हाल त्यो संख्या घटेर १८ मा झरेको छ,' उनले भने, ' विपद् व्यवस्थापन समितिले नै आश्रय स्थलका रूपमा प्रयोग गरिएका विद्यालयहरूलाई ३० दिनभित्र खाली गराएर कक्षा सञ्चालन गर्ने निर्णय गरेको छ।' सामान्य क्षति भएका विद्यालयहरूमा पनि वैकल्पिक व्यवस्था गरी पठनपाठन सुरु भइसकेको छ। सबै भन्दा वढि प्रभावित भएको रसुवाको उत्तरगया गाउँपालिकामा विद्यालय सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाइँदै गरेको उनले बताए।

विद्यार्थीको संख्या कम भएका विद्यालयहरूमा एकतर्फी भवनमा आश्रय स्थल र अर्कातर्फ नियमित कक्षा सञ्चालन गरिएको उनले बताए। 'पूर्ण रूपमा क्षति भएका विद्यालयहरूको हकमा टेन्ट टाँगेर अस्थायी सिकाई केन्द्र स्थापना गरी पढाउने योजना बनाइएको छ,' उनले भने।

विपद्का कारण मानसिक आघात (ट्रमा) मा परेका विद्यार्थीहरूलाई सिधै नियमित कक्षामा राखेर पढाउनुअघि उनीहरूलाई मानसिक रूपमा तयार पार्ने कामहरू भइरहेको उपसचिव अधिकारीले बताए। बाढीका कारण स्थलगत अध्यन गर्दा करिब २० हजार विद्यार्थी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित भएको छन्। उनका अनुसार भौतिक क्षतितर्फ एक क्याम्पस र एक सिटिइभिटी अन्तर्गतको शिक्षालयसहित कुल १८ वटा शैक्षिक संस्थामा भौतिक क्षति पुगेको छ।

### उत्साहित...

महाधिवेशन हुँदैछ। महाधिवेशन प्रतिनिधि छान्न शनिबारबाट वडा अधिवेशन प्रारम्भ भएको हो।

शनिबार सभापति थापा आफ्नो क्रियाशिल सदस्यता रहेको काठमाडौं निर्वाचन क्षेत्र नम्बर ४ अन्तर्गतका वडा अधिवेशनको उद्घाटनमा सक्रिय रहे।

त्यसक्रममा उनले पूर्वसभापति शेरबहादुर देउवालाई महाधिवेशनको प्रमुख अतिथि बनाउने दोहोऱ्याए। सभापति थापाले देशभर वडा तहबाटै कांग्रेसको ऐतिहासिक लोकतान्त्रिक अभ्यास प्रारम्भ भएको भन्दै गाउँ, नगर र वडा (वडामा नयाँ उत्साह र ऊर्जा छाएको बताए। पार्टीको ऐतिहासिक अभियानमा सहभागी भई सबल र सुदृढ कांग्रेस निर्माणमा जुट्न उनले सबै नेतालाई आह्वान गरे। थपाले आफूहरूबाट भएको कमजोरी भए सच्याएर अघि बढ्ने संकल्प गरे।

'हामीले अधिवेशनबाट पनि संकल्पहरू गर्नेछौं,' उनले भने, 'ती विगत जसलाई हामीले सधैँ सम्झनुपर्नेछ, त्यसलाई जोगाउनेछौं। नयाँ पुस्ताले नयाँ आकांक्षा राखेको छ। समाजमा एउटा छटपटी छ। तीव्र विकासको चाहना छ। ती चाहनाहरूलाई पूरा गर्न सक्ने, देशलाई सम्हाल्न पनि सक्ने, बदल्न पनि सक्ने, जोखिम उठाउन पनि सक्ने, जतनका साथ सम्हाल्न पनि सक्ने, यो क्षमता राख्ने नेपाली कांग्रेस बनाएर हामी अधिवेशनबाट लिएर आउनेछौं।'

समयको माग सँगसँगै संविधानमा कतिपय कुराहरू बदल्नु पर्ने भन्दै उनले संविधानका मूल्य र मान्यताहरूलाई खुम्च्याउने नभई थप विस्तार गर्ने साहस र त्यो स्पष्टता यो महाधिवेशनबाट आउने दाबी गरे। उनले पार्टीको ऐतिहासिक अभियानमा सहभागी भई सबल र सुदृढ कांग्रेस निर्माणमा जुट्न आह्वान गरेका हुन्।

अर्थात्, वडा अधिवेशन सुरु हुँदै गर्दा दुई खाले दृउश्य देखिए। एकाथरी नेता कार्यकर्ता उत्साहकासाथ अधिवेशनमा होमिए। अर्काथरी कांग्रेसकाका केही पुराना नेताहरू भने मौन रहे।

देउवासहित पूर्णबहादुर खड्का, डा शेखर कोइराला, प्रकाशमान सिंह, कृष्ण सिटौला, डा. शशांक कोइराला, विमलेन्द्र निधी लगायतका नेताहरू भने अझै विशेष महाधिवेशनको आधिकारिता विवादमै अल्झिएर रहेका छन्। यो पक्षधर भने अधिवेशनमा सहभागी भएन।

पुराना केही नेताहरूको असन्तुष्टिकैबीच असोज ३ र ४ गते देशभरका वडा अधिवेशन धमाधम सुरु भएको हो।

शनिबार देशभरका ३५ वटा जिल्लाको वडा अधिवेशन हुँदा अधिकांश वडा सर्वसम्मत सम्पन्न भएको स्थानीय नेताहरूले बताएका छन्।

शनिबार अधिवेशन थालेर विवाद भएका केही वडाहरूको अधिवेशन आइतबार गर्ने तयारी रहेको भुगोलमा क्रियाशील रहेका नेताहरूले बताएका छन्। शनिबार नभएका ३९ जिल्लाका वडा अधिवेशन आइतबार हुने नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले बताए। भोटेकोशी बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङको अधिवेशन भने कांग्रेसले तत्कालका लागी स्थगन गरेको छ।

### अडिग...

मा वडा अधिवेशन तोकेको थियो। यद्यपि आधिकारीकरूपमा महाधिवेशन भइसकेपछि गरिने समानान्तर महाधिवेशनको कुनै अर्थ नहुने कांग्रेस संस्थापन पक्षका नेताहरूले दाबी गरेका छन्।

विशेष महाधिवेशनको खिलापमा रहेका देउवा पक्षका अधिकांश नेताहरूले समेत गगनथापलाई साथ दिएर पार्टी महाधिवेशनमा होमिइसकेका छन्। महाधिवेशनमा सहभागी नभएका वा प्राविधिक कारण छुटेका नेताहरूका एउटा बलियो अवसर गुमेको नेपाली कांग्रेसकी केन्द्रीय सदस्य प्रतिमा गौतमले बताईन्।

सबै नेताहरूलाई महाधिवेशनको प्रक्रियामा भाग लिन पार्टी सभापति गगन थापाले सार्वजनिक आब्हान गरेका छन्।

१४औं महाधिवेशनमा देउवासँगै सभापतिमा प्रतिस्पर्धा गरेका नेता शेखर कोइराला र उनलाई पराजित गर्दै दोस्रो पटक सभापति बनेका देउवा अहिले एउटै मञ्चमा देखिएका छन्।

यद्यपि कोइराला र पूर्णबहादुर दुबै नेताले विवादीत कुनै महाधिवेशनमा भाग नलिने बताएका छन्। देउवा र उनी निकटमा नेताहरूले भने सभापति गगन थापा नेतृत्वको कांग्रेसले गरेको महाधिवेशन प्रक्रियामा भाग नलिई १४ औं महाधिवेशनबाट निर्वाचित नेतृत्वले तय गरेको असोज १५ को वडा अधिवेशनमा भाग लिन सार्वजनीक आब्हान गरेका छन्।

देउवा समूहको असन्तुष्टिका बीच प्रारम्भ भएको कांग्रेसले महाधिवेशन प्रक्रियामा देउवा पक्षमा अधिकांश प्रभावशाली नेताहरू सहभागी छन्। देउवाको साथ छाडेका ती नेताहरू पनि अहिले संस्थापन इतर समुहका बाँकी नेताहरूलाई कन्भीन्स गर्न लागेका नेता मीन विश्वकर्माले बताए।

'हामीले शेरबहादुर देउवालाई सभापति मान्दै आएपनि १५औं महाधिवेशनलाई एकताको महाधिवेशन बनाउन उहाँको सभापति पदलाई सर्वमान्य नेताकोरूपमा परिणत गराउने प्रयासमा छौं,' उनले भने।

पार्टीलाई एक ढिक्का बनाउन र एकताको महाधिवेशनका लागि शेरबहादुर देउवा, शेखर कोइराला, पूर्णबहादुर खड्कालगायत सबै शीर्ष नेताहरूलाई महाधिवेशनमा भाग लिन आब्हान गरिसकेको उनको भनाई छ।

देउवा पक्षका कतिपय नेताहरूको वडामा पनि शनिबारबाट सुरु भएको अधिवेशन प्रभावित हुन पुगेको छ।

पूर्वसभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेलधुरामा विवाद देखिएको छ।

डडेलधुराका उपसभापति डिल्लीराज जोशीले एक अपिल जारी गर्दै पार्टीको एकताको आब्हान गर्दै तत्काल महाधिवेशनको प्रक्रिया नथाल्न वडाहरूलाई आग्रह गरेका छन्। तर केन्द्रीय सदस्य नैनसिंह महरले वडा अधिवेशन नरोकिने बताए। अन्य क्षेत्रमा फट्टफुट्ट बाहेक अधिकांश वडा कार्यसमितिले अधिवेशन सम्पन्न गर्ने चरणमा छन्।

अधिवेशनमा भाग नलिएका पूर्वउपसभापति पूर्णबहादुर खड्का र वरिष्ठ नेता डा. शेखर कोइरालाका क्षेत्रमा समेत अधिवेशन नरोकिने भएको छ। नेता कोइरालाको क्षेत्र मोरङ-६ को वडा नम्बर ६ मा क्रियाशील सदस्यता नै पुगिनसकेका कारण केही समस्या भएको बाहेक अन्य वडा अधिवेशन आइतबार हुने तयारी भएको स्थानीय नेताहरू बताउँछन्। तर डा. कोइरालासहित नागेश कोइराला, केदार कार्कीलगायत मोरङका केही नेताहरूले अधिवेशनमा भाग नलिने भएको छन्। कोइरालाले यस अघिनै पार्टीमा पूर्ण एकता नभएसम्म कुनै समुहले गरेको माहाधिवेशनमा भाग नलिने बताइसकेका छन्।

उता पूर्वउपसभापति पूर्णबहादुर खड्काको गृहजिल्ला सुर्खेतको वडा अधिवेशन नरोकिएको नेता मोतिराज पौडेलले जानकारी दिए। सबै वडाहरूको अधिवेशन धमाधम भइरहेको र आइतबार अधिकांशले सम्पन्न गर्ने चरणमा रहेको उनले बताए। काठमाडौंका शीर्ष नेता प्रकाशमान सिंहको क्षेत्रमा समेत वडा अधिवेशन रोकिएन। सिंहको क्षेत्रमा शनिबार नै २ वटा वडा अधिवेशन भए भने बाँकी वडाको अधिवेशन आइतबार हुने स्थानीय नेता प्रविण ओझाले बताए। कृष्ण सिटौलाको क्षेत्र झापा, विमलेन्द्र निधीको क्षेत्र जनकपुरसहित अधिवेशनमा भाग नलिएका अधिकांश नेताहरूका क्षेत्र र वडाहरूमा धमाधम अधिवेशन भइरहेको नेपाली कांग्रेसले जनाएको छ।

### मलेसिया...

मलेसियाका चार्जे डे अफेयर्स मोहम्मद फिरदौस अजमानलाई मन्त्रालयमा बोलाएर छलफल गरेका छन्। उनले नेपालका सीमित म्यानपावर कम्पनीलाई एकपक्षीय रूपमा मलेसियाको प्रणालीमा सूचीकरण गर्ने प्रक्रिया नेपाललाई स्वीकार्य नहुने अडान राखेका छन्। तर मन्त्रालयकी प्रवक्ता मिरा आचार्य कूटनीतिक चरण र प्रोटोकल व्यवस्थापन गर्दा छलफलका लागि समय लाग्ने बताउँछिन्।

मलेसियामा विशेषगरी आइटी, इलेक्ट्रोनिक्स, कन्ट्रक्सन, प्लान्टेसन र सुरक्षागार्डमा नेपालीका लागि रोजगारीका अवसरहरू पर्याप्त रहेको मानिन्छ। समग्रमा म्यानपावर कम्पनीमार्फत गत वर्ष ३ लाख ८५ हजार ७८३ जना वैदेशिक रोजगारीमा गएकोमा मलेसियामा मात्रै १ लाख ३२ हजार ६४६ जना गएका थिए। प्रतिशतका हिसाबले यो संख्या ४३ प्रतिशतभन्दा बढी हो।

मलेसियाबाट मासिक ६ अर्ब ६५ करोड रुपैयाँ बराबरको रेमिट्यान्स भित्रिने गरेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ। नेपालमा दर्ता रहेका १ हजार ७७ मध्ये ६० देखि ६५ प्रतिशत व्यवसायीले मलेसियामा श्रमिक पठाउने गरेका छन्। उनीहरूमध्ये केहीले डिमान्ड हात पार्न ठुलो रकम परिचालनसमेत गर्ने गरेको बताउँदै वैदेशिक रोजगार व्यवसायीहरूले मलेसियाको रोजगारी अवरुद्ध भए नेपालमा ठुलो आर्थिक विशृंखलता देखापर्ने खतरा औंल्याएका छन्। उनीहरूले समस्या नगहिरिँदै सरकारले समाधान पहिल्याउनुपर्ने समेत बताएका छन्। यतिमात्रै नभएर मलेसियाले नेपालको विकल्पसमेत खोज्न सक्ने व्यवसायीहरू बताउँछन्।

# असहमतिलाई सम्मान गर्नसके संविधानका संकल्प पूरा हुन्छन् : राष्ट्रपति



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले असहमतिलाई सम्मान गर्दै आलोचनाबाट सिक्ने संस्कार विकास गर्न सके संविधानले परिकल्पना गरेका संकल्पहरू पूरा गर्न सकिने बताएका छन् ।

संविधान दिवस (राष्ट्रिय दिवस) २०८३ का अवसरमा राष्ट्रपति कार्यालयमा शुक्रबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले संविधानले स्थापित गरेका मूल्य, मान्यता र अधिकारलाई व्यवहारमै नागरिकको जीवनसँग जोड्नुपर्नेमा जोड दिएका हुन् ।

उनले अनेकौं संघर्ष र बलिदानबाट प्राप्त संविधानअनुसार नेपाली नागरिकले न्याय, सम्मान र सुरक्षित भविष्यका लागि आफ्नै राज्यसँग याचना गर्नुपर्ने अवस्था आउन नहुने बताए । राज्यले नागरिकको आशा र भरोसा कायम गर्न सक्नुपर्ने उनको भनाइ थियो ।

राष्ट्रपति पौडेलले राजनीतिक परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न व्यवहारमै सुशासन र उत्कृष्ट सेवा प्रवाह आवश्यक रहेको बताए । नागरिकलाई निराशामा राखेर राज्य वा व्यवस्था सफल हुन नसक्ने उनले उल्लेख गरे । उनका अनुसार शासकीय संरचनामा हुने परिवर्तनले मात्रै युगका अपेक्षा पूरा हुँदैनन् । त्यसका लागि राज्यको कार्यशैली, सेवा प्रवाह र नागरिकप्रतिको उत्तरदायित्वमा समेत सुधार आवश्यक हुन्छ ।

राष्ट्रपति पौडेलले संविधान कागजमा लेखिएका शब्द वा वाक्यको संग्रह मात्र नभई नागरिकका सपना, आशा, अपेक्षा र अधिकारको साझा प्रतिज्ञा भएको बताए । संविधानको वास्तविक महत्त्व राज्य नागरिकको पीडामा उभिने, सरकार नागरिकको सेवक बन्ने र न्याय राज्यको मूल ध्येय बन्ने अवस्थामा प्रकट हुने उनको भनाइ थियो । उनले कुनै पनि नेपालीले आफ्नै देशमा आफूलाई एक्लो वा पराया अनुभूति गर्नुपर्ने अवस्था आउन नहुने बताए । संविधान दिवसले सबै राजनीतिक दल, नेतृत्व, सरकार र सम्पूर्ण राज्यसत्तालाई अझ लोकतान्त्रिक, न्यायपूर्ण र परिणाममुखी बन्ने दायित्वबोध गराउने विश्वास उनले व्यक्त गरे ।

राष्ट्रपति पौडेलले देशको मूल कानुन संविधानप्रति उच्च आदर राख्दै त्यसमा लिपिबद्ध वाचा र प्रतिबद्धतालाई आमजनताको जीवनमा स्थापित गर्नुपर्ने बताए । प्राकृतिक विपत्तिबाट प्राप्त शिक्षालाई आत्मसात् गर्दै विकासको अवधारणालाई समेत पुनर्विचार गर्नुपर्ने उनको भनाइ थियो ।

उनले विकास भनेको सडक, पुल र भवन निर्माण मात्र नभई मानिसको जीवन, जीविका र भविष्यको सुरक्षा पनि भएको बताए । प्राकृतिक विपत्तिका जोखिम बढिरहेको अवस्थामा विकासका संरचना र योजनालाई नागरिकको जीवन सुरक्षासँग जोड्नुपर्नेमा उनले जोड दिए ।

जलवायु परिवर्तनका चुनौतीबीच नेपालको विकासको ढाँचा अझ मानवीय, न्यायपूर्ण र प्रकृतिमैत्री बनाउनुपर्ने राष्ट्रपति पौडेलले बताए । संविधानमा अन्तर्निहित लोकतान्त्रिक राज्यप्रणाली जनताको सर्वोपरि हितमा केन्द्रित रहेको उल्लेख गर्दै उनले विकासका गतिविधिमा नागरिक र प्रकृतिको सम्बन्धलाई समेत ध्यान दिनुपर्ने धारणा राखे ।

राष्ट्रपति पौडेलले वर्तमान संविधानले नेपाललाई लोकतान्त्रिक, संघीय र समावेशी राज्यका रूपमा अघि बढ्ने आधार दिएको बताए । उनका अनुसार संविधानले नागरिकलाई इतिहासमै सबैभन्दा धेरै स्वतन्त्रता र सम्मान प्राप्त गर्ने आधार निर्माण गरेको छ ।

प्रदेश संरचना र संघीयतालाई संविधानले दिएको महत्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गर्दै उनले प्रदेशलाई शान्त, भव्य र व्यवस्थित बनाउने अवसर प्राप्त भएको बताए । एकात्मक तथा केन्द्रीकृत शासन प्रणालीको विकल्पका रूपमा संघीयता स्थापित हुनु संविधानको महत्वपूर्ण उपलब्धि भएको उनको भनाइ थियो । उनले संविधानले बहुलवादमा आधारित समावेशी नेपाल निर्माण गर्ने अवसर दिएको बताए । राज्यको शासकीय संरचनालाई नयाँ ढंगले स्थापित गरिएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले संविधानले प्रदान गरेका उपलब्धिको जगमा नेपालको भविष्यको सुखद यात्रा सुनिश्चित गर्न सकिने विश्वास व्यक्त गरे ।

राष्ट्रपति पौडेलले नेपाली जनताले आफ्ना निर्वाचित जनप्रतिनिधिमार्फत आफ्नै संविधान आफैँ लेख्ने सात दशकभन्दा लामो आन्दोलन, त्याग र बलिदानको स्मरण गरे । संविधान जारी भएको ११ वर्ष पूरा भएको अवसरमा उनले संविधान निर्माण तथा लोकतान्त्रिक परिवर्तनका लागि जीवन आहुति दिने सम्पूर्ण सहिदप्रति भावपूर्ण श्रद्धाञ्जलीसमेत अर्पण गरे ।

# संविधानको अक्षर र भावना दुवैप्रति सरकार पूर्ण प्रतिबद्ध : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री वालेन्द्र शाहले संविधानको अक्षर र भावना दुवैप्रति सरकार पूर्ण प्रतिबद्ध रहेको बताएका छन् ।

संविधान दिवसका अवसरमा संविधान दिवस मूल समारोह समितिले शनिबार आयोजना गरेको कार्यक्रममा उनले शहीदका रगतले लेखिएको संविधान कामबाट पूरा गर्ने बताए । प्रधानमन्त्रीले भने, 'संविधानप्रतिको निष्ठा र यसको पालनामा हामी पूर्ण प्रतिबद्ध छौं, म यो बाचा आज फेरि दोहोर्‍याउँछु । संविधान जारी भएको दिन हरेक वर्ष आउँछ तर संविधान पूरा हुने दिन हामीले आफैँ ल्याउनुपर्छ, हरेक इमानदार निर्णयबाट, हरेक पारदर्शी नियुक्तिबाट, नागरिकको घरदैलोमा पुग्ने हरेक सेवाबाट ।'

जनताले सुशासन, विकास, समृद्धि र सामाजिक न्याय मागेका बताउँदै उनले सरकारको हरेक कदम त्यही आकांक्षातर्फ केन्द्रित रहेको र रहने प्रतिबद्धता व्यक्त गरे । प्रधानमन्त्री शाहले प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र, मानव अधिकार र कानूनी राज्य हाम्रा लागि सर्तहरू नभई राष्ट्रिय जीवनका आधार भएका बताए ।

उनले भने, 'यस संविधानले नेपाली जनतासँग एउटा वाचा गरेको छ, विविधताबीचको एकता, सबै प्रकारका विभेद र असमानताको अन्त्य, विकास, समृद्धि एवं सामाजिक न्यायका आधारमा समतामूलक समाजको निर्माण हो । एउटा कुरा हामीले कहिल्यै बिर्सनु हुँदैन । संविधान जति राम्रो भए पनि, त्यसलाई चलाउने हात इमानदार र अनवरत क्रियाशील भएनन् भने त्यो कागजको खोस्टो बन्छ ।'

प्रधानमन्त्री शाहले भने, 'यो सुरुवात हो, अन्त्य होइन । भ्रष्टाचार र दण्डहीनताको जरो गहिरो छ । तर त्यो जरो उखेल्ने हातहरू अब झन् बलिया छन्, झन् धेरै छन् । विकासका लागि सुशासन अनिवार्य पूर्वशर्त हो भन्ने कुरामा सरकार सचेत छ ।'

वर्तमान सरकारले सुशासन कायम गर्न प्रशासनिक संरचनाको उपयुक्त आकार निर्धारण, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, प्रशासनयन्त्रमा राजनीतिक तटस्थता र सरकारी एवं सार्वजनिक पदमा योग्यतामा आधारित नियुक्ति प्रक्रिया अवलम्बन गरेको उनको भनाइ थियो ।

'सुशासन नारा होइन, काम हो, हामी काम गरिरहेका छौं । संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा राष्ट्र विकासको साझा उद्देश्य प्राप्त गर्न सङ्घीय सरकार प्रतिबद्ध छ', उनले भने ।

प्रधानमन्त्री शाहले आफूहरू पुरानै बाटो मात्र नहिँड्ने उल्लेख गर्दै कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि र साइबर सुरक्षालाई सँगै लिएर, नवप्रवर्तन र नवउद्यमलाई अगाडि राखेर ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गरिने बताए । डिजिटल सुशासन कार्ययोजनाअनुसारको राष्ट्रिय डिजिटल पूर्वाधार त्यसैको जग भएको उल्लेख गर्दै प्रधानमन्त्रीले युवाले सडकमा मागेको सुशासन प्रविधिबाट पनि सुनिश्चित गरिने प्रतिबद्धता जनाए ।

प्रधानमन्त्री शाहले भोटेकोशी बाढीबाट भएको क्षति हाम्रा लागि अकल्पनीय र अपूरणीय भएको भन्दै आजको यस विशेष घडीमा विपद् व्यवस्थापन एवं उद्धारमा सहयोग गरेका सबै मित्रराष्ट्र, अन्तर्राष्ट्रिय समुदाय एवं संघसंस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा देशवासीप्रति आभार प्रकट गरे । 'धन्यवाद मात्र पर्याप्त छैन । नेपाल विश्वका विपद् उच्च जोखिम भएका मुलुकहरूको सूचीमा छ । यो तथ्यलाई हामी विपद् आइसकेपछि होइन, आउनुअघि नै सामना गर्छौं । जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यमा विशेष जोड दिइनेछ । विपद्को पूर्वसूचना प्रणाली सर्वोच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ', उनले भने ।

# मोबाइल पार्ट्ससहित ८० लाखका सामग्री बरामद

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, ३ असोज

पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका-४ स्थित एस मोडको जंगलबाट सशस्त्र प्रहरीले ८० लाख रुपैयाँभन्दा बढी मूल्यका मोबाइल पार्ट्स तथा विभिन्न इलेक्ट्रोनिक सामग्री बरामद गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल नं. २६ गण हेडक्वार्टरका अनुसार विशेष सूचनाका आधारमा परिचालित टोलीले शुक्रबार राति जंगलको झाडीमा लुकाइछिपाइ राखिएको अवस्थामा ती सामग्री बरामद गरेको हो ।

सुरक्षा बेस सेमरीबाट सशस्त्र प्रहरी निरीक्षक जगन्नाथ पौडेलको कमाण्डमा १३ जना सशस्त्र प्रहरी कर्मचारीसहितको गाडी मोबाइल टोली एस मोड क्षेत्रमा परिचालन गरिएको थियो । टोलीले जंगल क्षेत्रमा खोजतलास गर्ने क्रममा झाडीमा लुकाइराखिएको अवस्थामा विभिन्न किसिमका मोबाइल पार्ट्स तथा इलेक्ट्रोनिक सामग्री फेला पारेको जनाएको छ ।

बरामद सामग्रीमा मोबाइलका विभिन्न पार्ट्स, मोबाइल ब्याट्री, टेम्पर्ड ग्लास, एयरबड, स्मार्टवाच, स्पिकरलगायत रहेका छन्। सशस्त्र प्रहरीका अनुसार बरामद सामग्रीको प्रारम्भिक मूल्यांकन करिब रु. ८० लाख ३० हजार २ सय रहेको छ ।

ठूलो परिमाणमा सामग्री फेला परेपछि सशस्त्र प्रहरीले आवश्यक कानुनी प्रक्रिया अघि बढाएको थियो । बरामद सामग्रीको मूल्य कायम गरी शनिबार महेशपुर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं.२६ गणका सूचना अधिकारी तथा सशस्त्र प्रहरी नायब उपरीक्षक मनोज गुरुङले जानकारी दिए ।

# रसुवा बाढीमा सम्पर्कविहीन पत्रकार थामीको अन्त्येष्टि



**काठमाडौं/मस–** भोटेकोशी बाढीपछि बेपत्ता पत्रकार टेकराज थामीको कुशको शव बनाएर शनिबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

नयाँ पत्रिका दैनिकका पत्रकार थामी गत भदौ १० गतेदेखि सम्पर्कविहीन भएका थिए । दोलखाको कालिन्चोक गाउँपालिका-२, बाबरेमा २०४२ साल जेठ १४ गते जन्मिएका थामीको प्रतीकात्मक शवमा उनका पिता डीलबहादुर थामीले दागबत्ती दिए । दुई दशकभन्दा लामो समयदेखि पत्रकारितामा सक्रिय थामीले कलमका माध्यमबाट गरेको योगदानको स्मरण गरिएको छ । पत्रकारितामा स्नातकोत्तर ४१ वर्षीय थामीले एचबिसी एफएम, सगरमाथा टेलिभिजन, एबिसी टेलिभिजन हुँदै नयाँ पत्रिकामा लामो समय काम गरेका थिए । उनले बागीश्वरी क्याम्पस र समृद्धि क्याम्पसमा पत्रकारिताको अध्यापन गर्नुका साथै पत्रकारिता प्रशिक्षण तथा लेखनमा समेत आफूलाई सक्रिय राखेका थिए । गोरखापत्र दैनिकको थामी भाषा पृष्ठका संयोजकसमेत रहेका टेकराज नेपाल पत्रकार महासंघ र प्रेस चौतारी नेपालका पूर्वकेन्द्रीय समस्याका साथै नेपाल थामी समाजका पूर्वउपाध्यक्ष र नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का पूर्वकोषाध्यक्ष थिए । चीनको स्वशासित क्षेत्र सिचाङको केरुङमा भदौ १० गतेका निम्ति निर्धारित 'साउथ एसिया रिसर्च सेन्टर इन सायथवेष्ट चाइना' कार्यक्रममा सहभागी हुन पत्रकार थामी भदौ ९ गते साँझ आफ्नै मोटरसाइकलबाट रसुवाको धुन्चे हुँदै रसुवागढी पुगेका थिए ।

# सात बुँदे घोषणापत्र जारी गर्दै सकियो ललितपुर साकोस समिट

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ३ असोज



'दिगो साकोस अभियानः प्रविधि, रूपान्तरण र सुशासन' भन्ने नाराका साथ असोज २ र ३ गते आयोजना गरिएको पाँचौं ललितपुर साकोस समिट-२०८३ सात बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ (लस्कुन)ले आयोजना गरेको पाँचौं समिटमा सहकारीकर्मी, विषयविज्ञ तथा सरोकारवालाहरूको सामूहिक छलफलबाट सहकारी क्षेत्रको दिगो विकास, संस्थागत सुशासन र सदस्यको हित संरक्षणका लागि सात बुँदे साझा घोषणापत्र जारी गरिएको संघका अध्यक्ष रामहरी बजगाईले बताए । घोषणापत्रमा सहकारी संस्थाहरूमा पारदर्शिता, जवाफदेहिता, प्रभावकारी आन्तरिक नियन्त्रण तथा उत्तरदायी नेतृत्वलाई संस्थागत गर्दै सहकारीप्रति जनविश्वास अभिवृद्धि र पुनर्जीवित गर्ने उल्लेख छ ।

त्यसैगरी सुरक्षित तथा सदस्य केन्द्रित डिजिटल प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको प्रयोग विस्तार गर्दै साइबर सुरक्षा, तथ्यांक संरक्षण र प्रविधिजन्य जोखिम न्यूनीकरणलाई प्राथमिकता दिने घोषणापत्रमा जनाइएको छ । कर्जा सूचना केन्द्रमा आबद्धताको व्यवस्था भएता पनि कर्जा सूचना लिने-दिने लगायतका कार्यहरू कार्यान्वयन नभएको भन्दै त्यसलाई कार्यान्वयन गर्न सम्बन्धित निकायसँग तत्काल पहल गर्ने तथा जोखिमरहित कर्जा प्रवाह, नियमित सदुपयोगिता जाँच र प्रभावकारी कर्जा असुलीमार्फत निष्क्रिय कर्जा न्यूनीकरण गर्ने उल्लेख छ । घोषणापत्रमा सञ्चालक समिति तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास, व्यावसायिक दक्षता र संस्थागत उत्तराधिकारी योजना निर्माण गरी कार्यान्वयन गर्ने जनाइएको छ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका समस्या तथा संकटका कारणहरूको पहिचान गरी सुधारात्मक कार्ययोजना अवलम्बन गर्ने तथा सहकारी संघसंस्था, नियामक निकाय र सरोकारवालाबीच बहस, पैरवी, समन्वय र सहकार्य सुदृढ गर्ने उल्लेख छ । प्रारम्भिक सहकारी संस्थाको व्यवसाय विकास, प्रवर्द्धन, शिक्षा, तालिम र अनुगमनका लागि संघले मापदण्ड/स्तरीकरण कार्यक्रम सञ्चालन गर्ने तथा उक्त कार्यक्रममा प्रारम्भिक सहकारी संस्थाहरूलाई सक्रिय रूपमा आबद्ध गर्ने घोषणापत्रमा समेटिएको छ ।

कार्यक्रमको समापन गर्दै बागमती प्रदेश सभा उपसभामुख अप्सरा चापागाईले घोषणापत्रमा जारी गरिएका प्रतिबद्धतालाई व्यवहारमा लागू गर्न आग्रह गरिन् । उनले प्रदेश सभामा सहकारी ऐन परिमार्जनमा आफूले भूमिका खेल्ने जनाइन् । असोज २ गते बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले उद्घाटन गरेको समिटमा सहकारी संस्थाले बचत संकलन र ऋण लगानीमा मात्र केन्द्रित नभई उत्पादन, उद्योग, व्यवसाय र रोजगारी सिर्जनाका क्षेत्रमा लगानी बढाउनुपर्ने बताए ।

२०५० साल असोज ३ गते स्थापना भई ललितपुर जिल्लाभित्र सञ्चालनमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको छाता संगठनका रूपमा क्रियाशील रहँदै आएको लस्कुनले सहकारी ऐन, २०७४ को दफा २४ तथा दफा २५ बमोजिमका प्रावधानका साथै संघको स्वीकृत विनियम तथा साधारण सभाबाट पारित वार्षिक कार्यक्रमका आधारमा कार्यसम्पादन गर्दै आएको संघका सचिव श्यामकृष्ण महर्जनले बताए ।

जिल्लाका चार सय २१ वटा बचत तथा ऋण सहकारीमध्येबाट एक सय ५५ जनाले समिटमा सहभागिता जनाएको संघका प्रमुख कार्यकारी अधिकृत सन्तोष बजगाईले जानकारी दिए । समिटमा सहकारी क्षेत्रको बदलिँदो कानुनी परिदृश्यः अवसर, चुनौती र आगामी कार्यदिशाका सम्बन्धमा नेपाल राष्ट्र बैंक, 'मानव संशाधनदेखि मानव पुँजीसम्मः सक्षम साकोसका लागि सक्षम नेतृत्वको रणनीति'का बारेमा नविल बैंकका सीईओ मनोज कुमार ज्ञवालीले प्रस्तुतीकरण गरेका थिए ।

# कतारका नेपाली मुस्लिम समुदायबाट बाढीपीडितलाई ४१ लाख बढी सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३ असोज



कतारस्थित नेपाली मुस्लिम समुदायको पहलमा सञ्चालित 'नेपाल बाढीपीडित राहत अभियान'बाट संकलित ४१ लाख सात हजार ७२१ रुपैयाँ नेपाल सरकारको प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको छ ।

रसुवागढी तथा भोटेकोशी र त्रिशूली नदी तटीय क्षेत्रमा आएको बाढीबाट प्रभावित नागरिकको सहयोगका लागि सञ्चालित अभियानमा कतारमा क्रियाशील विभिन्न नेपाली मुस्लिम संघसंस्था, व्यवसायी, श्रमिक लगायतले सहकार्य गरेका थिए ।

अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाज कतारको समन्वयमा सञ्चालित अभियानमा नेपाली मुस्लिम शान्ति समाज, फख मिल्लत फाउन्डेसन, नेपाल इस्लामिक ग्रुप, नेपाली मुस्लिम फाउन्डेसन धनुषा, रमौल मुस्लिम सेवा समाज, महोत्तरी मुस्लिम कमिटी संघ, नेपाली मुस्लिम परिषद्लगायतका संघसंस्थाको सहभागिता रहेको थियो । राहत अभियानसम्बन्धी कार्यक्रममा समाजका प्रमुख संरक्षक मोहम्मद मुक्तदा मुसलमानले दीर्घकालीन सामाजिक परियोजना सञ्चालनका लागि कतारमा रहेका नेपाली मुस्लिम संघसंस्थालाई समेटेर संयुक्त बोर्ड गठन गर्नुपर्ने प्रस्ताव राखे । संरक्षक करिम बक्स मियाँले शिक्षा, स्वास्थ्य, रोजगारी तथा आर्थिक आत्मनिर्भरतासँग जोडिएका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

समाजका अध्यक्ष अजमत अलीले न्यूनतम एक करोड रुपैयाँको प्रारम्भिक कोष स्थापना गरी 'चेन कमान परियोजना' सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिए । कृषि, प्रशोधन, उत्पादन तथा बजारीकरणमार्फत सामुदायिक आत्मनिर्भरता बढाउने र विपन्न विद्यार्थीलाई शिक्षा तथा स्वास्थ्यमा सहयोग गर्ने परियोजनाको लक्ष्य रहेको उनले बताए ।

VACANCY
ANNOUNCEMENT
We are currently looking for qualified and motivated candidates for the following positions at our manpower agency:
RECEPTIONISTS : 2 (FEMALE)
ACCOUNTANT : 1 (MALE/FEMALE)
Salary Negotiable
Experienced in Related Fields.
Send Your CV at chairman@cpr.com.np
CONTACT : 9801121045, 9851340071

कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Tapasya HR Pvt.Ltd. (**इजाजत पत्र नं.** 1794/082/083) मा कार्यरत निम्न कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S.N. | Name | Post | Citizenship Number |
|---|---|---|---|
| 1 | Riya Rajbanshi | Receptionist | 04-02-80-01955 |
| 2 | Sarada Shahi Thakuri | Documentation | 26-01-73-04689 |

Govt. Lic. No. 1794/082/083
Tapasya HR Pvt.Ltd.
Kathmandu Metropolitan City -26, Samakhusi
Contact No : +977 14973818, Email: cv@tapasyahr.com

वार्षिक साधारणसभा सम्बन्धि सूचना

यस संघको वार्षिक साधारण सभा २०८३/०६/०९ गते राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्रको हलमा ठिक ११ बजे सुरू हुने भएकोले उपस्थितीका लागी सदस्यज्यूहरूमा हार्दिक अनुरोध छ ।

स्वास्थ्य प्रवर्द्धन तथा शिक्षा संघ नेपाल (HEPEAN)

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०६/०४

यस कम्पनीको मिति २०८३।०५।२९ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **जी. सिक्स होल्डीङ्स प्रा.लि. (दर्ता नं. ३१८४४५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ए.पी. भेन्चर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७४।०४।३२६ मा दर्ता भएको **प्रा.लि. नं. १७३२०१** को **पेन्टाटेक इन्जिनियरिङ्ग सोलुसन** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

VACANCY
ANNOUNCEMENT
One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.
PUBLIC RELATION OFFICER - 4 (M/F)
Qualification – +2 Passed
Experience- Required
ASSISTANT MANAGER - 2 (M)
Qualification – Bachelor Passed
Experience- 2 Year
GENERAL MANAGER - 1 (M)
Qualification – Bachelor Passed
Experience- 2 Year
RECEPTIONIST - 4 (F)
Qualification – +2 Passed
Experience- Required
SALARY NEGOTIABLE
Send CV at ahr.documentation01@gmail.com
Govt. Lic. No. 745/064/065
ADVENTURE HUMAN RESOURCE P.LTD.
sitapaila kathmandu, Contact :- 01-538290, 9843272160

मध्यान्ह
www.madhyanhadaily.com
४ असोज २०८३ आइतबार
20 September 2026 Sunday

सम्पादकीय

# बालबालिकाको डर हटाऔं

रसुवामा आएको बाढीले भत्काएका भग्नावशेष पन्छाइँदैछ । भौतिक पुनर्स्थापनाको काम अघि बढ्दैछ । तर प्रभावित मानिसहरूको दिगो व्यवस्थापनको टुंगो लागेको छैन । राहत र पुनर्स्थापनाको काम अघि बढ्दै गर्दा बाढी प्रभावित बालबालिकाको मनमा बसेको डर हटाउने विषय प्राथमिकतामा आउन सकेको देखिँदैन । राष्ट्रिय बालअधिकार परिषद्ले गरेको 'रसुवा बाढीप्रभावित बालबालिकाको अवस्था तथा आवश्यकतासम्बन्धी द्रुत लेखाजोखा प्रतिवेदन २०८३'ले यही औंल्याएको छ । अस्थायी आश्रयस्थल तथा होल्डिङ सेन्टरमा स्थलगत रूपमा गरिएको अध्ययन प्रतिवेदनअनुसार बालबालिकाका लागि दिनचर्या व्यवस्थापन, खेलकुद, मनोरञ्जन, सिकाइ तथा मनोसामाजिक सहयोगका लागि पर्याप्त सामग्री र गतिविधि भएको छैन । यसमा सरकार गम्भीर बन्नुपर्ने हुन्छ । किनभने, भोटेकोशीको बाढीले घर र विद्यालयको भौतिक संरचना मात्रै भत्काएको होइन । बालबालिकाको नियमित जीवन भत्काएको छ । उनीहरू घरबाट विस्थापित भएका छन्, विद्यालय र साथीभाइबाट टाढिएका छन्, लामो समय अस्थायी आश्रयस्थलमा बस्नुपरेको छ । कतिपयले आँखाअगाडि घर, विद्यालय र वरपरको बस्ती बगाएको देखेका छन् । यस्तो अनुभव बालबालिकाका लागि सामान्य घटना होइन ।

अध्ययनले औंल्याएअनुसार बाढी प्रभावित बालबालिकामा निराशा, तनाव, टोलाउने र व्यवहारमा परिवर्तन देखिन थालेको छ । अस्थायी आश्रयस्थलमा खेलकुद, मनोरञ्जन, सिकाइ र मनोसामाजिक सहयोगका पर्याप्त गतिविधि भएको छैन । यी संकेतलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्छ । बालबालिका चुप लागेका छन् भन्दैमा सामान्य अवस्थामा फर्किसकेका छन् भन्ने हुँदैन । डर, त्रास र पीडा व्यक्त गर्न नसकेका हुन सक्छन् । सरकारी अधिकारीहरूका अनुसार प्रभावित विद्यालय सञ्चालन गरिँदैछ । यो तत्काल आवश्यक छ । तर ट्रमामा रहेका बालबालिकालाई सिधै नियमित कक्षामा राखेर पाठ्यपुस्तक पढाएरमात्र हुँदैन । उनीहरूलाई पहिले सुरक्षित महसुस गराउनुपर्छ । शिक्षकसँग कुरा गर्ने वातावरण दिनुपर्छ । साथीहरूसँग खेल्ने, रमाउने र आफ्ना अनुभव व्यक्त गर्ने अवसर दिनुपर्छ । यसका लागि शिक्षकलाई मनोसामाजिक समस्याका प्रारम्भिक संकेत पहिचान गर्ने तालिम दिन सकिन्छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार रसुवा बाढीबाट २० हजार विद्यार्थी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित भएका छन् । यति धेरै बालबालिकाको सिकाइ र मनोसामाजिक विकाससँग जोडिएको जिम्मेवारी निर्वाह गर्न तीन वटै तहका सरकार जिम्मेवार हुनुपर्छ । स्थानीय तहले परामर्शदाता र सम्बन्धित विशेषज्ञसँग समन्वय गर्न सक्छ । विद्यालयमा खेल, सिर्जना, समूहगत गतिविधि र संवादका कार्यक्रम नियमित बनाउन सकिन्छ । आवश्यक समन्वय प्रदेश सरकारले गर्ने र नीतिगत तथा आर्थिक नेतृत्व संघ सरकारले गर्न सक्छ । निकट भविष्यमा पुनर्स्थापनाको सफलता देखाउँदै गर्दा कति विद्यालय खोलियो भनेर मात्रै नभनियोस् । कति बालबालिका फेरि निर्धक्क भएर कक्षामा बस्न थाले ? कति बालबालिका साथीसँग घुलमिल हुन थाले ? कति बालबालिकाले आफूले भोगेको पीडा व्यक्त गर्न सके भनेर पनि भनियोस् । ताकि, बालबालिकाले वयष्क भएपछि विपद्पछि आफ्नो मनमा बसेको डर हटाउन राज्य संवेदनशील भएको महसुस गरेर धन्यवाद भनुन् ।

# संविधान संशोधनको बहस

संविधान दिवसमा झण्डा फहराउने, औपचारिक कार्यक्रम गर्ने र शुभकामना बाँड्ने परम्परा त बस्यो, तर मुख्य प्रश्न उही छ- पटक-पटक संविधान, व्यवस्था र सरकार फेरिँदा पनि नागरिकको जीवनस्तर किन फेरिएन ? संविधानलाई पानाबाट उतारेर नागरिकको जीवनमा सुशासन, समृद्धि र परिवर्तनको आभास दिलाउन अब सतही उत्सव होइन, उत्तरदायी नेतृत्व, चुस्त प्रशासन र सचेत नागरिक चेतनाको आवश्यकता छ ।

अग्रलेख



● रामप्रसाद पौडेल

संविधान दिवस आउँदा हामी फेरि एकपटक संविधानको चर्चा गर्छौं । राष्ट्रिय झण्डा फहराउँछौं, औपचारिक कार्यक्रम गर्छौं, शुभकामना आदानप्रदान गर्छौं र संविधानका उपलब्धिको व्याख्या गर्छौं। राजनीतिक नेतृत्वले संविधानको रक्षा, लोकतन्त्रको सुदृढीकरण र समृद्धिको प्रतिबद्धता दोहोऱ्याउँछ। सामाजिक सञ्जालमा संविधान दिवसका शुभकामनाले ठाउँ पाउँछन्। तर उत्सवको कोलाहल केहीबेर शान्त भएपछि एउटा प्रश्न हाम्रो सामुन्ने उभिन्छ– संविधान फेरिँदै गए, शासन व्यवस्था फेरिँदै गए, सरकार र नेतृत्व फेरिँदै गए, तर नागरिकको जीवनमा अपेक्षित परिवर्तनचाहिँ किन सुस्त रह्यो? यो प्रश्न संविधानप्रतिको अविश्वास होइन, संविधानलाई अझ जीवन्त, प्रभावकारी र नागरिकमुखी बनाउने प्रश्न हो।



नेपालको संवैधानिक इतिहास राजनीतिक परिवर्तनको लामो कथा हो। वि.सं. २००४ मा नेपाल सरकार वैधानिक कानून, २००७ मा नेपालको अन्तरिम शासन विधान, २०१५ मा नेपाल अधिराज्यको संविधान, २०१९ मा नेपालको संविधान, २०४७ मा नेपाल अधिराज्यको संविधान, २०६३ मा नेपालको अन्तरिम संविधान र अन्ततः २०७२ मा नेपालको संविधान जारी भए। २००४ को वैधानिक कानून जारी भएर पनि व्यवहारमा कार्यान्वयन हुन सकेन। त्यसपछि आएका संवैधानिक व्यवस्थाहरू पनि मुलुकका राजनीतिक परिवर्तनसँगै विस्थापित हुँदै गए। यस अर्थमा नेपालको संवैधानिक यात्रा संविधान बनाउने यात्रा मात्र होइन, बनेको संविधानलाई टिकाउने, कार्यान्वयन गर्ने र त्यसको मर्मलाई व्यवहारमा उतार्ने सङ्घर्षको यात्रा पनि हो।

२००७ को परिवर्तनपछि अन्तरिम शासन विधान आयो। २०१५ मा संसदीय व्यवस्थाको संवैधानिक आधार बन्यो। २०१९ ले फरक राजनीतिक संरचना स्थापित गऱ्यो। २०४६ को जनआन्दोलनपछि २०४७ को संविधान आयो। २०६२/६३ को जनआन्दोलनपछि अन्तरिम संविधान हुँदै संविधानसभाबाट वर्तमान संविधान जारी भयो। हरेक संविधान कुनै न कुनै राजनीतिक परिवर्तनको परिणाम थियो। त्यसैले प्रश्न उठ्छ– हामीले संविधान किन बदल्यौं? शासनको स्वरूप बदल्न? सत्ता हस्तान्तरण गर्न? राजनीतिक उपलब्धिलाई संस्थागत गर्न? कि अन्ततः नागरिकको जीवन बदल्न? यदि अन्तिम उद्देश्य नागरिकको जीवन बदल्नु थियो भने संविधानको सफलता भाषण, समारोह र नाराबाट होइन, नागरिकको जीवनमा आएको परिवर्तनबाट मापन हुनुपर्छ।

आजको नेपाली नागरिक पहिलेभन्दा सचेत छ। उसले संविधानका सबै धारा नपढेको हुन सक्छ, तर आफ्नो अधिकारको अनुभूति गर्न चाहन्छ। उसलाई शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय, सुरक्षा र सम्मानपूर्वक बाँच्ने वातावरण चाहिएको छ। उसलाई आफ्नै देशमा भविष्य देख्न सक्ने विश्वास चाहिएको छ। नागरिकले असम्भव कुरा मागेको छैन– आफ्नै देशमा काम गर्ने अवसर, गुणस्तरीय शिक्षा र स्वास्थ्य, सहज सरकारी सेवा, निष्पक्ष न्याय, भ्रष्टाचारमुक्त प्रशासन र क्षमताको सम्मान नै उसका आधारभूत अपेक्षा हुन्। अधिकार संविधानमा लेखिनु र नागरिकले अधिकारको अनुभूति गर्नु एउटै कुरा होइन। संविधानले अधिकार दिन्छ, राज्यले त्यसलाई व्यवहारमा उतार्नुपर्छ। यहीँबाट संविधान कार्यान्वयनको वास्तविक परीक्षा सुरु हुन्छ।

२०७२ असोज ३ गते जारी भएको वर्तमान संविधान असोज ३ गते एघारौं वर्षमा प्रवेश गर्दै छ। यस अवधिमा सङ्घीय संसद् गठन भयो, प्रदेश सरकार बने, स्थानीय तहले संवैधानिक अधिकारसहित काम गरे, निर्वाचन भए, मौलिक हकहरू संवैधानिक रूपमा सुनिश्चित भए र सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुँदै गयो। यी महत्त्वपूर्ण उपलब्धि हुन्। तर के यति हुँदैमा संविधान पूर्ण रूपमा कार्यान्वयन भयो? कदापि भएन। संविधान कार्यान्वयनलाई निश्चित प्रतिशतमा नाप्ने सर्वमान्य आधिकारिक सूत्र छैन। यो संरचना निर्माण, कानून निर्माण, संस्थागत अभ्यास र नागरिकले अधिकार व्यवहारमै पाउने अवस्थाको निरन्तर प्रक्रिया हो। त्यसैले प्रश्न संसद्, प्रदेश र स्थानीय तह बने कि बनेनन् भन्नेमा मात्र सीमित हुनु हुँदैन– नागरिकको जीवनमा संविधान कति पुग्यो?

सङ्घीयता संविधानको महत्त्वपूर्ण उपलब्धि हो। अधिकार केन्द्रबाट प्रदेश र स्थानीय तहसम्म पुगेका छन्। सरकार नागरिकको नजिक पुगेको छ। तर अधिकारसँगै स्रोत, साधन, जनशक्ति, जिम्मेवारी र समन्वयको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ। यदि सामान्य सेवा लिन नागरिकले अझै घण्टौं कार्यालय धाउनुपर्छ भने शासनको तह बढेको मात्रले लोकतन्त्र बलियो हुँदैन। यदि सेवा लिन पहुँच र चिनजान आवश्यक हुन्छ भने सङ्घीयताको उद्देश्य अधुरै रहन्छ। यदि प्रदेश सरकारको उपस्थिति नागरिकले सेवाभन्दा राजनीतिक भागबण्डामा बढी देख्छ भने सङ्घीयताको वास्तविक अर्थ अझै स्थापित हुन बाँकी छ। संविधानले संरचना बनाएको छ, अब ती संरचनालाई परिणाममा बदल्ने जिम्मेवारी राजनीतिक नेतृत्व र प्रशासनको हो।

तर हरेक असफलताको दोष राजनीतिलाई मात्र दिएर नागरिक उम्कन पनि मिल्दैन। हामी भ्रष्टाचारको विरोध गर्छौं, तर आफ्नो काम छिटो गराउन चिनजान खोज्छौं। विधिको शासन चाहन्छौं, तर आफ्नो स्वार्थमा नियम मिचिँदा मौन बस्छौं। योग्य नेतृत्व चाहन्छौं, तर निर्वाचनका बेला व्यक्तिगत सम्बन्ध, जात, क्षेत्र वा क्षणिक स्वार्थबाट प्रभावित हुन्छौं। परिवर्तन चाहन्छौं, तर परिवर्तनका लागि आफ्नो ठाउँबाट केही त्याग गर्न तयार हुँदैनौं। यही हो अकर्मण्यता। अकर्मण्यता भनेको केही नगरी बस्नु मात्र होइन। गलत देखेर मौन बस्नु, अन्याय सहेर चुप लाग्नु, आफ्नो जिम्मेवारी अरूमाथि थोपर्नु र परिवर्तनको अपेक्षा गर्दै आफूचाहिँ अपरिवर्तित रहनु पनि अकर्मण्यता हो। हामीलाई देश बिग्रिएकोमा चिन्ता छ, तर देश बनाउने जिम्मेवारीचाहिँ अरू कसैको हो भन्ने मानसिकता अझै बलियो छ। देश केवल सिंहदरबारले बनाउने होइन; शिक्षक, किसान, उद्यमी, डाक्टर, कर्मचारी, पत्रकार, विद्यार्थी र सबैभन्दा महत्त्वपूर्ण जिम्मेवार नागरिकले बनाउँछ।

नेपालको वर्तमान अवस्थाको अर्को पीडादायी पक्ष युवाको विदेश पलायन हो। विदेश जानु आफैंमा गलत होइन, अवसर खोज्नु स्वाभाविक हो। तर जब आफ्नै देशमा सम्भावना हुँदाहुँदै पनि बेरोजगारी, अस्थिरता, प्रणालीप्रतिको अविश्वास र अवसरको अभावका कारण युवा बाहिरिन बाध्य हुन्छन्, त्यसले राज्यलाई गम्भीर प्रश्न गर्छ। जब युवाको भविष्यको नक्सा आफ्नै देशभन्दा विदेशमा स्पष्ट देखिन्छ, तब संविधानको मर्ममाथि होइन, त्यसको कार्यान्वयनमाथि गम्भीर समीक्षा गर्नुपर्ने हुन्छ। संविधानले समृद्धिको सपना देखाएको छ। तर सपना देखाउनु र सपना पूरा गर्नु फरक कुरा हो। सुशासनको प्रतिबद्धता नागरिकले व्यवहारमा अनुभूति गर्नुपर्छ। समानताको घोषणा व्यवहारमा देखिनुपर्छ। अधिकारको सुनिश्चितता व्यवहारमै सुरक्षित हुनुपर्छ। विकास र समृद्धिको लक्ष्य नागरिकको जीवनस्तरमा देखिनुपर्छ। यही दूरी घटाउनु नै वास्तविक संविधान कार्यान्वयन हो।

त्यसैले संविधान दिवसलाई केवल सरकारी समारोहको दिन बनाउनु हुँदैन; यो आत्मसमीक्षा गर्ने दिन बन्नुपर्छ। कति मौलिक हक व्यवहारमा पुगे? कति आवश्यक कानून बने? कति कानून प्रभावकारी रूपमा लागू भए? कति नागरिकले न्याय पाए? कति सरकारी सेवा सहज भयो? कति युवाले स्वदेशमै अवसर पाए? कति सार्वजनिक संस्था नागरिकप्रति उत्तरदायी बने? यी प्रश्नको इमानदार उत्तर खोज्न सकियो भने संविधान दिवसको अर्थ गहिरो हुन्छ। हामीले संविधानलाई देवताको मूर्ति बनाएर पूजा गर्ने होइन, नागरिकको जीवनमा लागू हुने जीवित दस्तावेज बनाउने हो। संविधानमाथि प्रश्न गर्नु संविधानविरोधी हुनु होइन, संविधानको मर्मअनुसार राज्य चल्नुपर्छ भन्नु नै संविधानप्रतिको वास्तविक सम्मान हो। आज हामीलाई अर्को संविधानभन्दा पहिले संविधानअनुकूल राजनीतिक संस्कार चाहिएको छ। नयाँ नारा होइन, नयाँ कार्यसंस्कार चाहिएको छ। पदमा नयाँ अनुहार मात्र होइन, सोचमा नयाँपन चाहिएको छ। विकासको प्रचार होइन, विकासको अनुभूति चाहिएको छ। लोकतन्त्रको उत्सव मात्र होइन, लोकतन्त्रको परिणाम चाहिएको छ। राजनीतिक नेतृत्वले सत्ता होइन, सेवा केन्द्रमा राख्नुपर्छ। प्रशासनले प्रक्रिया होइन, परिणामलाई प्राथमिकता दिनुपर्छ। राजनीतिक दलले आन्तरिक लोकतन्त्रलाई व्यवहारमा उतार्नुपर्छ। पत्रकारिताले सत्ता र प्रतिपक्ष दुवैलाई समान कठोरताका साथ प्रश्न गर्नुपर्छ। नागरिकले अधिकारसँगै कर्तव्य पनि सम्झनुपर्छ र सबैभन्दा महत्त्वपूर्ण, अकर्मण्यताको संस्कार तोड्नुपर्छ।

किनकि संविधानले बाटो देखाउन सक्छ, तर बाटोमा हिँड्न सक्दैन। संविधानले अधिकार दिन सक्छ, तर अधिकारको रक्षा गर्ने चेतना नागरिकमा हुनुपर्छ। संविधानले राज्यको जिम्मेवारी तोक्न सक्छ, तर राज्य सञ्चालन गर्ने मानिसको इमानदारी संविधानले आफैं सुनिश्चित गर्न सक्दैन। त्यसैले अब हाम्रो बहस "संविधान राम्रो कि नराम्रो?" भन्ने सतही प्रश्नमा सीमित हुनु हुँदैन। बहस हुनुपर्छ– संविधान कति नागरिकको जीवनमा पुग्यो?


नेपालले २००४ देखि २०७२ सम्म सात संवैधानिक दस्तावेजको यात्रा गरिसकेको छ। एउटा कार्यान्वयनमै आउन सकेन, केही राजनीतिक परिवर्तनसँगै समाप्त भए र केहीले आफ्नो समयको शासन व्यवस्थालाई परिभाषित गरे। अन्ततः २०७२ को संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गऱ्यो। अब वर्तमान संविधानको एघारौं वर्षको सङ्घारमा उभिएर हामीले नयाँ संविधानको खोजी गर्नुभन्दा पहिले एउटा कठोर प्रश्न गर्नुपर्छ- हामीले संविधान कतिपटक फेऱ्यौं भन्नेभन्दा, संविधानले नागरिकको जीवन कति फेऱ्यो?

यदि संविधान फेरिएपछि पनि नागरिक उही पीडामा छन् भने समस्या केवल संविधानमा छैन। यदि व्यवस्था फेरिएपछि पनि सुशासन आएन भने समस्या केवल व्यवस्थामा छैन। यदि नेतृत्व फेरिएपछि पनि प्रवृत्ति फेरिएन भने समस्या केवल व्यक्तिमा छैन; समस्या हाम्रो राजनीतिक संस्कार, प्रशासनिक अकर्मण्यता र नागरिक मौनतामा पनि छ।

त्यसैले यस संविधान दिवसमा हामीले केवल शुभकामना नदिऔं, एउटा सङ्कल्प गरौं– संविधानलाई कागजबाट व्यवहारमा उतार्ने, अधिकारलाई मागबाट अभ्यासमा बदल्ने, कर्तव्यलाई भाषणबाट कर्ममा उतार्ने, राजनीतिलाई सत्ताबाट सेवामा बदल्ने र अकर्मण्यतालाई नागरिक चेतनाले पराजित गर्ने। किनकि संविधान दिवसको सबैभन्दा ठूलो उत्सव सडकमा बज्ने बाजा होइन, एउटा नागरिकले बिना पहुँच, बिना दबाब र बिना अतिरिक्त बोझ सम्मानपूर्वक राज्यसेवा पाएको क्षण हो। संविधान दिवसको सबैभन्दा ठूलो उपलब्धि संविधानको प्रशंसा होइन, संविधानका कारण नागरिकको जीवनमा आएको परिवर्तन हो। र आजको सबैभन्दा ठूलो प्रश्न पनि यही हो– संविधान फेऱ्यौं धेरैपटक, अब कहिले फेरिन्छ नागरिकको भाग्य?

# विपद्ले नरमाइला चाडपर्व

समाज



● मञ्जु भट्ट

*यसपालिको तीजमा एकातिर रातो सारी र तीजको रौनक थियो भने अर्कोतिर भोटेकोशीको भयावह बाढी र विनाश । उत्सव मनाउनु नागरिकको अधिकार भए पनि विपत्तिमा परेकाहरूको पीडा सम्झनु मानवीय कर्तव्य हो । राजनीतिक आरोप-प्रत्यारोपभन्दा माथि उठेर संकटको बेला उद्धारमा खटिनेको सम्मान गर्ने, राम्रो कामको प्रशंसा गर्ने र कमजोरीमा निर्भीक प्रश्न उठाउने नागरिक चेतना नै आजको आवश्यकता हो ।*

हरेक वर्ष हरितालिका तीज आउँदा सामाजिक सञ्जाल रातारम्य हुन्थ्यो । रातो सारी, चुरा, पोते र टीकामा सजिएका दिदीबहिनीका तस्बिर तथा भिडियोले फेसबुकका पर्खालहरू भरिन्थे । कसैका लागि तीज पारिवारिक भेटघाटको अवसर बन्थ्यो, कसैका लागि माइतीको आत्मीयता त कसैका लागि आफ्ना खुसीहरू साट्ने सुन्दर बहाना । तर, यसपालिको तीजको अनुभव भने विगतभन्दा निकै फरक र भारी महसुस भयो ।

यसपटक फेसबुक खोल्दा एकातिर तीजका रमाइला दृश्यहरू नाचिरहेका थिए भने अर्कोतिर भोटेकोशीको बाढीले निम्त्याएको विनाशकारी दृश्यले मन चसक्क पारिरहन्थ्यो । कतै सर्वस्व गुमाएर घर बगेका मानिसहरूको रोदन थियो, कतै आफन्तको खोजीमा भौँतारिएका पीडितहरू, त कतै उद्धारको पर्खाइमा टोलाइरहेका नागरिक । खुसी मनाउनुपर्ने पर्वको दिनमा पनि मन बारम्बार त्यही विपत्तितर्फ मोडिरहन्थ्यो ।

भोटेकोशीको भीषण बाढीपछि ठूलो सङ्ख्यामा नागरिकको उद्धार त गरियो, तर धेरैले ज्यान गुमाए भने अझै कैयौं मानिसहरू सम्पर्कविहीन छन् । यस्ता दर्दनाक तथ्याङ्कहरू पढ्दा मनमा एउटै प्रश्न आउँछ- आज ती विस्थापित परिवारहरू कहाँ होलान् ? उनीहरूले के खाएका होलान् ? कहाँ सुते होलान् ? अनि, आफ्ना हराएका प्रियजन फर्केर आउने आशामा अझै कतिन्जेल बाटो कुरिरहेका होलान् ?

हामी यहाँ सुरक्षित रूपमा तीज मनाइरहेका छौं । कोही माइतीमा रमाएका छौं त कोही साथीभाइसँग रमाइलो गरिरहेका छौं । तर, ठीक त्यही समयमा कुनै आमा आफ्नो सन्तान सम्झेर आफैंभित्र रोइरहेकी हुन सक्छिन् । कुनै श्रीमती आफ्नो श्रीमान्को खोजीमा भौँतारिइरहेकी हुन सक्छिन् अनि कुनै साना बालबालिका आफ्ना अभिभावकको पर्खाइमा टोलाइरहेका हुन सक्छन्। त्यसैले, यसपालिको तीजको रातो रङभित्र कताकता गहिरो पीडा र उदासी मिसिएको महसुस भयो ।



यस्तो संकटको घडीमा आफ्नो ज्यानको बाजी लगाएर उद्धारमा खटिएका सुरक्षाकर्मी, कर्मचारी, स्थानीय जनप्रतिनिधि, स्वयंसेवक र सहयोगी हातहरूको प्रयासलाई सम्मान गर्नैपर्छ । जोखिम मोलेर अरूको जीवन बचाउनेहरू वास्तवमै धन्यवादका पात्र हुन् । तर, यस्तै संवेदनशील समयमा पनि सामाजिक सञ्जालमा केवल सरकारलाई गाली गर्न र आलोचनामा मात्रै समय खर्चिनेहरूको कमी देखिएन । निसन्देह, सरकारका कमजोरीहरूमाथि प्रश्न उठाउनुपर्छ, खबरदारी गर्नुपर्छ । तर, यति ठूलो प्राकृतिक विपत्तिको सम्पूर्ण दोष सरकारमाथि मात्रै थोपरेर आफू पानीमाथिको ओभानो बन्न खोज्नु कतिसम्म न्यायोचित होला ? बाढी, पहिरो जस्ता प्राकृतिक विपत्तिलाई कसैले आफ्नो इच्छाले रोक्न सक्दैन। न त कुनै सरकारले यस्ता प्राकृतिक प्रकोपलाई शतप्रतिशत रोक्ने चमत्कार नै गर्न सक्छ । त्यसैले, रचनात्मक आलोचना गर्नुअघि हामीले परिस्थितिको गम्भीरता र जटिलतालाई पनि बुझ्न आवश्यक छ ।

विगतका सरकारहरूबाट निरन्तर निराशा मात्रै भोगेका कारण होला, आज कसैले राम्रो काम गर्दा पनि त्यसको प्रशंसा गर्न हामीलाई गाह्रो भइरहेको छ । तर, विगतको असन्तुष्टिलाई बोकेर वर्तमानमा भएका सकारात्मक प्रयासहरूलाई अनदेखा गर्नु न्यायसङ्गत हुँदैन । विपत्तिको जोखिम बढ्दा सडक बन्द गर्ने, यात्रा रोक्ने वा मानिसहरूलाई सुरक्षित स्थानमा सार्ने निर्णयहरूले कहिलेकाहीँ सर्वसाधारणलाई असहज त बनाउँछ, तर संकटको बेला नागरिकको ज्यान जोगाउनु नै राज्यको पहिलो प्राथमिकता हुनुपर्छ ।

केही समयअघि अस्पतालमा समयमा उपचार नपाउँदा एक महिलाले अस्पताल परिसरबाहिरै बच्चा जन्माउनुपरेको घटनाले हामी सबैलाई झस्काएको थियो । घटनामा परिवार र अस्पताल प्रशासनका आफ्नै तर्क होलान्, तर मिडिया र सामाजिक सञ्जालमा कुरा उठेपछि छानबिन भयो र जिम्मेवार पक्षमाथि कारबाहीको प्रक्रिया अघि बढ्यो । पहिले-पहिले यस्ता घटनाहरू गुपचुप सामसुम हुन्थे होला, तर आज सञ्चारमाध्यमका कारण घटनाहरू तत्काल बाहिर आउँछन् र निकायहरूलाई जवाफदेही बनाउँछन् । यस्ता विषयलाई विशुद्ध राजनीतिक आरोप-प्रत्यारोपको हतियार बनाउनुको साटो प्रणाली सुधारको अवसरका रूपमा हेर्नुपर्छ ।

यसपालिको विपत्तिमा गृहमन्त्री स्वयं प्रभावित क्षेत्रमा पुगेर पीडितहरूसँगै बसेको र उनीहरूको दुःख बुझ्न प्रयास गरेको दृश्यहरू देखिए । पीडितहरूसँगै भुइँमा बसेर खाना खाएको त्यो दृश्यले धेरैको मन छोयो । संकटमा नागरिकलाई चाहिएको यस्तै अभिभावकत्व हो । हामीलाई हेलिकप्टरबाट ओर्लिएर क्यामेराअगाडि ठूला भाषण छाड्ने अनि केही बेरमै फर्कने मन्त्री होइन, दुःखको घडीमा नागरिकको छेउमा बसेर उनीहरूको पीडा सुन्ने र मैदानमै खटिने व्यावहारिक नेतृत्व चाहिएको हो ।

यसको अर्थ सरकारका सबै कदमहरू सही छन् भन्ने कदापि होइन । जहाँ सरकार चुक्छ, त्यहाँ निर्भीक भएर प्रश्न उठाउनैपर्छ। गल्ती सुधार्न निरन्तर दबाब दिनुपर्छ । तर, जहाँ राम्रो काम हुन्छ, त्यसलाई राम्रो भन्ने संस्कारको विकास पनि हामीमा हुनुपर्छ ।

सरकार अन्ततः नागरिककै साझा संयन्त्र हो । सरकार सफल हुँदा त्यसको प्रत्यक्ष लाभ नागरिकलाई नै हुन्छ र सरकार असफल हुँदा त्यसको अन्तिम मार पनि नागरिककै टाउकोमा पर्छ । त्यसैले, संकटको यो कठिन समयमा राजनीतिक पूर्वाग्रहभन्दा माथि उठेर सोचौं। जहाँ सरकारले राम्रो गर्छ, त्यहाँ साथ दिऔं; जहाँ कमजोरी हुन्छ, त्यहाँ खबरदारी गरौं । तर, विपत्तिमा परेका नागरिकको आँसुलाई राजनीतिको रोटी सेक्ने हतियार नबनाऔं ।

यसपालिको तीजले हामीलाई एउटा गम्भीर पाठ सिकाएको छ- उत्सव मनाउनु हाम्रो अधिकार हो । तर छेउमै कसैको सिन्दूर पखालिएको र घर उजाडिएको छ भने उसको पीडामा मलम लगाउनु हाम्रो आधारभूत मानवीय दायित्व पनि हो । तीजको रातो रङसँगै यसपालि भोटेकोशीको सुस्केरा र पीडा पनि हाम्रो स्मृतिमा लामो समयसम्म रहिरहनेछ ।

# २०औं एसियाली खेलकुद सुरु, चन्द्र र मानमतिले बोके नेपालको झन्डा




**काठमाडौं/मस-** २०औं संस्करणको एसियाली खेलकुद प्रतियोगिता शनिबारदेखि जापानमा औपचारिक रूपमा सुरु भएको छ। जापानको नागोया पालेमा मिजुहो एथलेटिक्स रंगशालामा भव्य समारोहबीच जापानका सम्राट नारु हितोले प्रतियोगिताको उद्घाटन गरे।

उद्घाटन समारोहमा नेपालसहित सबै सहभागी टिमले मार्चपास गरेका थिए। सेभ दि मिसन राष्ट्रिय खेलकुद परिषद् (राखेप)का उपाध्यक्ष विशाल श्रेष्ठको नेतृत्वमा नेपाली टिम मार्चपासमा सहभागी भएको थियो। बक्सिङ खेलाडी चन्द्रबहादुर थापा र कबड्डी खेलाडी मानमति बिष्टले नेपालको झन्डा बोकेका थिए।

यस संस्करणको एसियाली खेलकुदमा नेपालबाट २१ खेलमा १३५ खेलाडीले प्रतिस्पर्धा गर्दैछन्। नेपालबाट सहभागी हुने खेलाडीमा ५७ महिला र ७८ पुरुष जनाउँदै राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव रामचरित्र मेहताले टोलीमा खेलाडीबाहेक प्रशिक्षक, व्यवस्थापक, प्राविधिक तथा मेडिकल प्रतिनिधिसहित २११ जना रहने बताए। उनका अनुसार यसपटक छनोट प्रक्रियाका कारण अघिल्लो संस्करणको तुलनामा नेपालको खेलाडी संख्या घटेको हो।

सन् २०२३ मा चीनको हाङ्झाउमा भएको एसियाली खेलकुदमा नेपालबाट २५३ खेलाडी सहभागी भएका थिए। सदस्यसचिव मेहताका अनुसार नेपालबाट कबड्डीमा सबैभन्दा बढी २४ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। त्यसपछि क्रिकेटमा १५, भलिबलमा १२, उसुमा १०, करातेमा आठ तथा बक्सिङमा सात खेलाडी सहभागी हुँदैछन्। साथै एथलेटिक्स, जुडो, टेबलटेनिस र कुस्तीमा छ-छ तथा पौडी र टेनिसमा पाँच-पाँच खेलाडीले नेपालको प्रतिनिधित्व गर्नेछन्। यस्तै ब्याडमिन्टन, गल्फ र सफ्ट टेनिसमा चार-चार, तेक्वान्दोमा तीन तथा आर्चरी, साइक्लिङ, क्यापिटङ एण्ड क्यानोइङ, स्केट एण्ड स्केट बोर्डिङ र स्क्वासमा दुई-दुई खेलाडीले प्रतिस्पर्धा गर्ने उनले जानकारी दिए।

नेपालले यसपटक एसियाली खेलकुदमा स्वर्णसहित दोहोरो अंकमा पदक जित्ने लक्ष्य राखेको छ। आइची-नागोया एसियाली खेलकुदमा ४३ खेल समावेश छन्। प्रतियोगितामा ४५ देश तथा क्षेत्र र एक शरणार्थी टोलीका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

# लक्ष्य गोल्ड मेडल




**काठमाडौं/मस-** नेपाली टी-२० राष्ट्रिय क्रिकेट टोलीका कप्तान दीपेन्द्रसिंह ऐरीले एसियाली खेलकुदमा पदक जित्ने लक्ष्य रहेको बताएका छन्। शनिबार एसियाली खेलकुदमा सहभागी हुने नेपाली टोलीको बिदाइ कार्यक्रममा उनले नेपाली टोली पदक जित्ने लक्ष्यका साथ जापान प्रस्थान गर्न लागेको बताएका हुन्।

ऐरीले पछिल्ला खेलमा टोलीको प्रदर्शन, टिम बन्डिङ र खेलाडीहरूको अनुभव राम्रो रहेकाले पदकको आशा बढेको बताए। मलेसियामा हालै भएको प्रतियोगितामा राम्रो प्रदर्शन गरेको उल्लेख गर्दै ऐरीले एसियन गेम्सका लागि टोलीका अधिकांश खेलाडी फर्ममा रहेको बताए। कुशल भुर्तेल र आसिफ शेखले पछिल्ला खेलमा राम्रो प्रदर्शन गरेको उनको भनाइ छ। क्रिकेटतर्फ नेपालले यसअघि एसियन गेम्समा पदक जित्न नसकेको भएपनि यसपटक इतिहास बनाउन सकिने ऐरीले बताए।

यसैगरी नेपाल प्रिमियर लिग (एनपिएल)मा डेभिड वार्नरसहित अन्तर्राष्ट्रिय स्तरका चर्चित खेलाडीको सहभागिताले नेपाली क्रिकेटलाई थप उचाइमा पुऱ्याउने ऐरीको विश्वास छ। विदेशी लिगमा खेलिसकेका तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित खेलाडी नेपाल आउनुले नेपाली क्रिकेटको स्तर र आकर्षण बढिरहेको उनले बताए।

उनले भने, 'अहिले टिम पनि राम्रो छ, सबैजना एक्सपिरियन्स छन् र प्राक्टिस पनि राम्रै भइरहेको छ। योपटक मेडल लिएर आउने सोचमा छौं। हामी गोल्ड मेडलका लागि नै गइरहेका छौं। नभए पनि मेडल ल्याउने सोच छ।'

नेपाली राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक स्टुअर्ट लले एसियन गेम्समा नेपाल केवल सहभागिताका लागि नभई राम्रो प्रदर्शन गर्ने लक्ष्यसहित मैदानमा उत्रिने बताए। प्रशिक्षक लले श्रीलंका र भारतजस्ता बलिया टोलीसँग सम्भावित खेल चुनौतीपूर्ण भएपनि टी-२० क्रिकेटमा जुनसुकै दिन राम्रो खेल्ने टोलीले नतिजा आफ्नो पक्षमा पार्न सक्ने बताए। एसियन गेम्समा ऐतिहासिक पदक जित्ने सम्भावनाबारे उनले यो लक्ष्य कठिन भए पनि असम्भव नरहेको बताए। एसियाका पाँच ठुला क्रिकेट राष्ट्र नेपालभन्दा माथि रहेको उल्लेख गर्दै उनले पदकका लागि उत्कृष्ट क्रिकेट खेल्नुका साथै धेरै कुरा आफ्नो पक्षमा हुनुपर्ने बताए।

उनले भने, 'हामी त्यहाँ संख्या पूरा गर्न मात्र गएका होइनौं। राम्रो प्रदर्शन गर्नेछौं। टी-२० क्रिकेटमा त्यो दिन राम्रो खेल्न सकियो भने जे पनि हुन सक्छ।'

टोलीको तयारी राम्रो रहेको जानकारी दिँदै लले अधिकांश खेलाडी पछिल्लो समय निरन्तर क्रिकेट खेलिरहेकाले थप तयारीको आवश्यकता धेरै नरहेको बताए। टोलीका १८ खेलाडी अस्ट्रेलियाको डार्विनमा टी-२० तथा ५० ओभर क्रिकेट खेलेर फर्किएको र हालै प्रिमियर कपमा समेत सहभागी भएकाले एसियन गेम्सअघि टी-२० ढाँचामा पुनः अभ्यस्त भइरहेको उनको भनाइ छ।

यसैगरी नेपाल प्रिमियर लिग (एनपिएल)मा अस्ट्रेलियाका स्टार खेलाडी डेभिड वार्नरको आगमनबारे लले उत्साह व्यक्त गरे। उनले वार्नर विश्वकै उत्कृष्ट क्रिकेटरमध्ये एक रहेको बताउँदै टोलीसँगको अनुभवले नेपाली क्रिकेटमा उनको योगदान महत्वपूर्ण हुने बताए।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले आयोजना गरेको कार्यक्रममा एसियाली खेलकुदमा सहभागी हुने नेपाली टोलीलाई राखेपका सदस्य सचिव रामचरित्र मेहता, नेपाल क्रिकेट संघ (क्यान) सचिव पारस खड्कालगायतले बिदाइ गरेका हुन्।

बिदाइ समारोहमा राखेपका सदस्य सचिव मेहताले टोलीलाई शुभकामना दिए। प्रतियोगितामा टोलीले राम्रो प्रदर्शन गर्ने उल्लेख गर्दै पदकको आशा राखेको बताए।

नेपालले प्रतियोगिताको समूह चरणमा आगामी शुक्रबार अफगानिस्तान र शनिबार जापानविरुद्ध खेल्ने तालिका छ। नेपाली क्रिकेट टोलीले चौथोपटक एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्न लागेको हो।

एसियाली खेलकुदका लागि नेपालको टोलीमा दीपेन्द्रसिंह ऐरी (कप्तान), सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, रोहितकुमार पौडेल, आरिफ शेख, कुशल मल्ल, सन्दीप जोरा, लोकेश बम, गुलशनकुमार झा, करण केसी, सोमपाल कामी, नन्दन यादव, ललितनारायण राजवंशी र शेर मल्ल रहेका छन्।

# एनपिएलको उद्घाटनमा लुम्बिनी र सुदूरपश्चिम भिड्ने



**काठमाडौं/मस-** तेस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को खेल तालिका सार्वजनिक भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले सार्वजनिक गरेको तालिकाअनुसार प्रतियोगिता कात्तिक ९ गतेदेखि सुरु भई मंसिर ५ गतेसम्म सञ्चालन हुनेछ। सबै खेलहरू त्रिवि अन्तर र्राष्ट्रिय क्रिकेट मैदानमा आयोजना गरिनेछन्।

प्रतियोगिताको उद्घाटन खेलमा साविक विजेता लुम्बिनी लायन्स र साविक उपविजेता सुदूरपश्चिम रोयल्सबीच प्रतिस्पर्धा हुनेछ। कात्तिक ९ गते हुने उक्त खेल दिउँसो ४:३० बजे सुरु हुनेछ। अघिल्लो संस्करणको फाइनलमा यी दुई टोली आमनेसामने भएका थिए, जहाँ लुम्बिनीले उपाधि जितेको थियो। त्यसैले उद्घाटन खेललाई पुनः रोचक प्रतिशोधको अवसरका रूपमा हेरिएको छ।

यसपटकको एनपिएल कुल २७ दिनसम्म चल्नेछ, जसअन्तर्गत ८ टोलीबीच ३२ खेल खेलाइनेछन्। लिग चरणमा २८ खेल हुनेछ भने प्लेअफ र फाइनल गरी थप ४ खेल हुनेछन्। प्रतियोगितामा लुम्बिनी लायन्स, सुदूरपश्चिम रोयल्स, विराटनगर किंग्स, चितवन राइनोज, कर्णाली याक्स, जनकपुर बोल्ट्स, पोखरा एभेन्जर्स र काठमाडौं गुर्खाज सहभागी हुनेछन्। लिग चरणका खेलहरू कात्तिक २९ गतेसम्म सञ्चालन हुनेछन्।


खेल तालिकाअनुसार एक खेल मात्र हुने दिन खेल दिउँसो ४:३० बजे सुरु हुनेछ भने दुई खेल हुने दिन पहिलो खेल दिउँसो १२:३० बजे र दोस्रो खेल ४:३० बजे सुरु गरिनेछ। प्रतियोगितामा केही दिन विश्रामसमेत राखिएको छ, जसले खेलाडीको पुनर्स्थापना र प्रतियोगिताको व्यवस्थापनलाई सहज बनाउने विश्वास गरिएको छ।

लिग चरणपछि शीर्ष चार टोली प्लेअफमा प्रवेश गर्नेछन्। मंसिर १ गते क्वालिफायर १ मा शीर्ष दुई टोलीबीच प्रतिस्पर्धा हुनेछ। त्यसपछि मंसिर २ गते तेस्रो र चौथो स्थानमा रहने टोलीबीच एलिमिनेटर खेल हुनेछ। मंसिर ३ गते क्वालिफायर २ मा क्वालिफायर १ को पराजित टोली र एलिमिनेटरको विजेताबीच फाइनल प्रवेशका लागि भिडन्त हुनेछ। मंसिर ५ गते फाइनल खेल आयोजना गरिनेछ, जसले तेस्रो संस्करणको च्याम्पियन टुंगो लगाउनेछ।

यस संस्करणका ३२ खेलमध्ये फाइनलसहित करिब २० खेल फ्लडलाइटमा रात्रिकालीन रूपमा सञ्चालन गरिनेछन्, जसले दर्शकको आकर्षण अझ बढाउने अपेक्षा गरिएको छ। अघिल्ला दुई संस्करणमा जस्तै यसपटक पनि दिन तथा रात्रि दुवै समयमा खेलहरू आयोजना गरिने भएकाले दर्शकको सहभागिता उल्लेख्य रहने अनुमान गरिएको छ।

एनपिएलको पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो भने सुदूरपश्चिम रोयल्स दुवै संस्करणमा उपविजेतामा सीमित भएको थियो। दोस्रो संस्करणमा भने लुम्बिनी लायन्सले उत्कृष्ट प्रदर्शन गर्दै उपाधि हात पारेको थियो।

# जोन डेवी कप आजदेखि




**काठमाडौं/मस-** जोन डेवी स्कुलको आयोजनामा दोस्रो जोन डेवी कप अन्तरविद्यालय बास्केटबल तथा फुटसल प्रतियोगिता आइतबारदेखि सुरु हुने भएको छ।

प्रतियोगिताअन्तर्गत बास्केटबलको ब्वाइज र गर्ल्समा समान १६-१६ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्ने जोन डेवीकी प्रिन्सिपल उर्वसी सुब्बाले जनाएकी छन्। ब्वाइजमा हेम्स र गर्ल्समा बौद्ध चिल्ड्रेन हेभेन स्कुल डिफन्डिङ च्याम्पियन हुन्।

फुटसलको यु-१२ ब्वाइजमा १६, यु-१६ ब्वाइजमा १५ र यु-१६ गर्ल्समा ९ टिमले भाग लिने छन्। फुटसल पनि लिग कम नकआउट पद्धतिमा खेलाइने छ। असोज १२ गतेसम्म चल्ने प्रतियोगिताका खेलहरु चक्रपथस्थित आयोजककै हातामा हुनेछ।

# मार्वलस, भ्याली पब्लिक र जेबीलाई उपाधि




**काठमाडौं/मस-** मार्वलस, भ्याली पब्लिक र जेबी स्कुलले २०औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन्। मार्वलस सिनियर ब्वाइज, भ्याली पब्लिक सिनियर गर्ल्समा र जेबी जुनियर ब्वाइजमा च्याम्पियन बने। धापासीस्थित आयोजक ग्रिनल्यान्डको कोर्टमा भएको सिनियर ब्वाइजको फाइनलमा मार्वलसले न्युटनलाई ७५-४३ ले सहजै पराजित गऱ्यो। मार्वलसका सिनेप शाहीले २० अंक जोडे।

सिनियर गर्ल्सको उपाधि भिडन्तमा भ्याली पब्लिकले फेरिल्यान्डलाई ३१-२३ ले हरायो। भ्याली पब्लिककी सोनीमाया तामाङले १४ स्कोर गरिन्। जुनियर ब्वाइजको फाइनलमा जेबीले एन्जल्स हार्टलाई २४-२२ ले पाखा लगायो। जेबीका लागि प्रकाश रोकायाले ८ अंक जोडे। सिनियर ब्वाइजमा मार्वलसका नवीन कार्की, सिनियर गर्ल्समा भ्याली पब्लिककी सोनीमाया तामाङ र जुनियर ब्वाइजमा जेबीका भीम रोकाया 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। सिनियर ब्वाइजमा मार्वलसका सिनेप शाही, सिनियर गर्ल्समा फेरिल्यान्डकी सन्दिपा राई र जुनियर ब्वाइजमा जेबीका आरभ राणा उत्कृष्ट 'थ्री प्वाइन्टर' चुनिए। सिनियर ब्वाइजमा न्युटनका युनिक कार्की, सिनियर गर्ल्समा भ्याली पब्लिककी दृष्य गुरुङ र जुनियर ब्वाइजमा जेबीका सौरव श्रेष्ठ सर्वाधिक स्कोरकर्ताको सूचीमा शीर्ष स्थानमा रहे।

विजेतालाई काठमाडौं जिल्ला शिक्षा समन्वय एकाइका प्रमुख सुरेशकुमार जोशी, तार्केश्वर नगर शिक्षा प्रमुख सुदिनराज बुढाथोकी, केन्द्रीय प्याब्सनका उपाध्यक्ष एवं आयोजक ग्रिनल्यान्डका प्रिन्सिपल थकिनकुमार गुरुङ, ग्रिनल्यान्डका भाइस प्रिन्सिपल विनोद घिमिरेलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। भदौ २४ गतेदेखि सुरु प्रतियोगिताको सिनियर ब्वाइजमा २५, सिनियर गर्ल्स १६ र जुनियर ब्वाइजमा १८ टिम सहभागी थिए।

**साउदीमा रोजगार**

कम्पनी : NORTHERN CARE TRADING ESTABLISHMENT
पूर्व स्वीकृत मितिः २०८३/०६/०२ चलानी नं.: ६०२६१३५९
शहर : RIYADH
L.T. No.: 348130

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaners | 1 | 0 | स. काममा दक्ष | 1200 | ४८,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ११ गते (27 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**ATLANTIC OVERSEAS PVT. LTD.**
City Square Mall, Samakhushi, Kathmandu, Nepal., Tel No: 01-4977788, 01-4977799.
Mobile No.: 9851141964, 9851141512, Email : atlanticeoverseasktm@gmail.com,
website: www.atlantic.com.np
श्रम इजाजत पत्र नं. १६७४/०८०/०८१

**SAUDI/UAE मा रोजगार**

**1. Dar Ran Contracting Est., Saudi**
पुर्व स्वीकृती मिति: २०८३/६/२ चलानी नं. ६०२६१३४६ LT No.: 348140

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Electrician | 2 | 0 | काममा दक्ष | 2000 | ८१,000/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**2. Eagles Crew Technical Services L.L.C, UAE**
पुन: विज्ञापन, पुर्व स्वीकृती मिति: २०८२/१/८ चलानी नं. ६०२३६३२५ LT No.: 322245

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electrician/Plumber/Painter | 1 | 0 | काममा दक्ष | 1200 | ५०,१००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता २०८३ असोज ११ गते (27 Sept., 2026) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौंमा हुनेछ।**

**Liverpool H.R. Solution Pvt. Ltd.**
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com
Contact Person : Maya Pandey (9851412303)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०९/०३ मा दर्ता भएको **प्रा.लि.नं.१८००४६** को **सेम्रक एजुकेशन कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तेस्रो पटक प्रकाशित मितिः २०८३/०६/०४**

मिति २०८३/०४/३० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बादशाह मिडिया एण्ड पब्लिकेशन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एआई संसार प्रा. लि (दर्ता नं.: २२०२००)** कायम गर्ने गरी मिति २०८३/०५/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/०४**

मिति २०८३/०५/०३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **काठमाडौं कौटील्या एजुकेशन फाउण्डेशन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दिव्य बाटिका माध्यमिक विद्यालय काठमाडौं प्रा. लि (दर्ता नं.: १०४३६०)** कायम गर्ने गरी मिति २०८३/०५/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**चोभारस्थित सुख्खा बन्दरगाह**
काठमाडौंको कीर्तिपुर नगरपालिका-६, चोभारस्थित बागमती किनारमा रहेको सुख्खा बन्दरगाह र आसपासको दृश्य । **तस्विरः सुबास ढुंगाना/रासस**

# 'सुरक्षित र समृद्ध शहरका लागि एकीकृत आवास निर्माण'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असोज

विपद्पछिको दिगो पुनर्स्थापना तथा पुनर्निर्माणका लागि सार्वजनिक-निजी साझेदारी (पीपीपी) मार्फत एकीकृत आवास विकासलाई अघि बढाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।

नेपाल ल्याण्ड एन्ड हाउजिङ डेभलपर्स फेडेरेसन तथा नेपाल चेम्बर अफ कमर्सको आयोजना र नेपाल चेम्बर अफ कमर्शको सहआयोजनामा काठमाडौंको भृकुटीमण्डपमा जारी 'नेपाल जग्गा तथा आवास र निर्माण एक्स्पो-२०८३' अन्तर्गत शनिबार आयोजित प्यानल छलफलमा सहभागी वक्ताहरूले विपद जोखिम न्यूनीकरणलाई आवास तथा शहरी विकासको योजनासँगै जोड्नुपर्ने बताएका हुन् ।




छलफलमा काठमाडौं उपत्यका विकास प्राधिकरणका नायव विकास आयुक्त प्रकाश अर्यालले विपदबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि निर्माणपूर्व नै जोखिम पहिचान गर्नुपर्ने बताए । उनले जोखिम सञ्चार तथा पूर्वतयारी प्रणालीलाई प्रभावकारी बनाउन र भवन निर्माण अनुमति प्रणालीलाई निर्माणको समग्र प्रक्रियासँग जोड्न आवश्यक रहेको बताए ।

उनले नदी करिडोर तथा जोखिमयुक्त क्षेत्रमा हुने बस्ती विकासलाई व्यवस्थित गर्न बृहत एकीकृत नीति आवश्यक रहेको बताए। जोखिम, जोखिममा पर्ने जनसंख्या तथा सम्पत्तिको अवस्थालाई आवास योजना र लगानीसँग जोड्न सके विपदबाट हुने क्षति कम गर्न सकिने उनको भनाइ थियो ।

नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्राले आवास तथा रियल स्टेट क्षेत्रलाई व्यवसायमैत्री नीति आवश्यक रहेको बताए । सरकार नीति निर्माण गर्ने र निजी क्षेत्रले त्यसअनुसार लगानी तथा विकास अघि बढाउने भएकाले दुवै पक्षबीच प्रभावकारी सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

उनले नेपालमा विदेशीलाई अपार्टमेन्ट बिक्री र संयुक्त तथा सामुहिक आवासको सामुहिक उपयोगको क्षेत्रको स्वामित्व हस्तान्तरण सम्बन्धमा व्यवहारिक नीतिगत तथा कानूनी व्यवस्था हुन नसकेका कारण सो विषय अझै पूर्ण रूपमा व्यवस्थित हुन नसकेको बताए । बजेटमार्फत समेत केही विषय सम्बोधन भए पनि आवश्यक नीति अझै पूर्ण रूपमा कार्यान्वयनमा आउन नसकेको उनले उल्लेख गरे । मध्यम वर्ग र बाढी पीडितहरूलाई लक्षित गरी 'किफायती आवास' निर्माण गर्न सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्ने उनको सुझाव थियो ।

सोसाईटिज् अफ नेपलिज आर्किटेक्स (सोना) का आर्किटेक्ट नविन देवकोटाले नेपालमा आवास तथा भूमि विकाससँग सम्बन्धित नीति तथा कानुनको कमीभन्दा पनि कार्यान्वयन र रणनीतिक कमजोरी मुख्य समस्या रहेको बताए । उनले विकसित मुलुकमा जस्तै नेपालमा पनि मापदण्डमा आधारित आवास विकास आवश्यक रहेको उल्लेख गर्दै विभिन्न नीति तथा नियमनबीचको द्वन्द्वले समस्या सिर्जना गरिरहेको बताए । उनले देशभर भवन संहिताको समान कार्यान्वयन हुन नसकेको, अनुगमन कमजोर रहेको तथा इन्जिनियरिङ स्वीकृतिमा हुने गलत अभ्यासलाई नियन्त्रण गर्नुपर्ने बताए । भवन निर्माण अनुमति प्रक्रियामा विज्ञताको भूमिकालाई संस्थागत गर्नुपर्नेमा जोड दिँदै उनले स्थानीय तहले भवन निर्माणलाई आम्दानीको स्रोतका रूपमा मात्र हेर्न नहुने धारणा राखे । काठमाडौं इन्स्टिच्युटका निर्देशक आर्किटेक्ट वीरेश शाहले शहरी विकासलाई एउटै विषयको दृष्टिकोणबाट मात्र हेर्न नहुने बताए । उनले नेपालमा करिब ६० वर्षअघि सुरु भएको योजनाबद्ध शहरी विकास अभ्यासलाई समयअनुसार परिमार्जन गर्नुपर्ने बताए । सडक तथा भौतिक पूर्वाधार निर्माणलाई मात्र शहरी विकासको आधार मान्ने प्रवृत्तिले दीर्घकालीन समस्या निम्त्याउन सक्ने उनको भनाइ थियो ।

नेपाल ल्याण्ड एन्ड हाउजिङ डेभलपर्स एसोसिएसनका अध्यक्ष इन्जिनियर दीपक कुँवरले नदी किनार तथा अन्य जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती र सम्पत्तिको पुनर्मूल्यांकन गर्नुपर्ने बताए । हिमताल विस्फोट, बाढी तथा अन्य प्राकृतिक विपद्को जोखिम बढिरहेको अवस्थामा जोखिमयुक्त क्षेत्रमा सुरक्षित आवास विकासका लागि सरकारले दीर्घकालीन योजना बनाउनुपर्ने उनको भनाइ थियो ।

उनले जोखिमयुक्त क्षेत्रभन्दा केही पर रहेका सरकारी जग्गालाई समेत योजनाबद्ध रूपमा प्रयोग गरी सुरक्षित तथा व्यवस्थित आवास विकास गर्न सकिने बताए । भोटेकोशी क्षेत्रमा भएको बाढीजस्ता विपदबाट पाठ सिक्दै सुरक्षित र समृद्ध शहर निर्माणतर्फ अघि बढ्नुपर्नेमा उनले जोड दिए ।

# अर्थमन्त्री डा. वाग्लेद्वारा भारतीय उद्योगीलाई नेपालमा लगानी गर्न आह्वान

**काठमाडौं/मस-** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भारतीय लगानीकर्ता, उद्योगी तथा व्यवसायिक नेताहरूलाई नेपालमा लगानी र व्यापारका अवसरहरूको खोजी र विस्तार गर्न आह्वान गरेका छन् । उनले नेपालमा लगानीका लागि यो उपयुक्त समय भएको समेत बताए । नयाँ दिल्लीस्थित इन्डिया ह्याबिट्याट सेन्टरमा कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्रीद्वारा आयोजित व्यापार तथा लगानी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै डा. वाग्लेले उक्त कुरा बताएका हुन् । कार्यक्रममा भारतीय व्यवसायिक नेताहरू र निजी क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।




अर्थमन्त्री वाग्लेले नेपालमा उदीयमान लगानीका देशको आर्थिक रूपान्तरणमा सहभागी हुन भारतीय व्यवसायीहरूलाई आमन्त्रण गरे । उनले नेपालले उच्च वृद्धिको सम्भावना भएका क्षेत्रहरूमा लगानीका लागि ठूलो अवसर प्रदान गर्ने उल्लेख गर्दै पहिले नै नेपालमा सञ्चालित भारतीय कम्पनीहरूलाई आफ्नो लगानी विस्तार गर्न र नयाँ लगानीकर्ताहरूलाई नेपाली बजारको खोजी गर्न आग्रह गरे ।

मन्त्री वाग्लेले नेपाल सरकार सुशासन, आर्थिक समृद्धि, लगानी सहजीकरण र संरचनात्मक आर्थिक रूपान्तरणको एजेन्डामा अघि बढिरहेको बताए । उनले नीतिगत सुधारलाई तीव्र बनाउन र अझ बढी अनुमानयोग्य, पारदर्शी तथा लगानीकर्ता-मैत्री व्यवसायिक वातावरण सिर्जना गर्न सरकारले गरिरहेका प्रयासहरूको चर्चा गरे ।

'डिजिटलाइजेसन, स्वच्छ ऊर्जा, उच्च मूल्यको कृषि, वेलनेस पर्यटन र उत्पादन साझेदारीको अवधारणामा आधारित उत्पादन क्षेत्र नेपालको अर्थतन्त्रका महत्वपूर्ण वाहकका रूपमा उदय भइरहेका छन् ।' मन्त्री वाग्ले भने , 'भारतीय व्यवसायीहरूलाई नेपाललाई बजारको रूपमा मात्र नभई लगानी, उत्पादन, मूल्य अभिवृद्धि र क्षेत्रीय तथा विश्वव्यापी आपूर्ति श्रृंखलामा एकीकरणका लागि रणनीतिक साझेदारको रूपमा हेर्न चाहन्छौं ।'

अर्थमन्त्री वाग्लेले वार्षिक बजेट, कर सुधार र लगानीकर्ता-मैत्री नीतिगत पहलहरूमार्फत नेपाल सरकारले हालै चालेका कदमहरू व्यवसायिक वातावरण सुधार गर्न, लगानीका बाधाहरू हटाउन र निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धिलाई सहज बनाउन लक्षित रहेको स्पष्ट पारे ।

डा. वाग्लेले खासगरी लगानी, उत्पादन, ऊर्जा, पर्यटन, कृषि, डिजिटल अर्थतन्त्र र अन्य उदीयमान क्षेत्रहरूमा नेपाल-भारत आर्थिक साझेदारीको ठूलो सम्भावना रहेकोमा जोड दिए । उनले नेपाल र भारतबीचको दीर्घकालीन आर्थिक सम्बन्धले द्विपक्षीय व्यापार र लगानी विस्तारका लागि बलियो आधार प्रदान गरेको उल्लेख गरे । अन्तरक्रियामा सहभागी भारतीय व्यवसायिक नेताहरू तथा सिआइआईका सदस्यहरूले नेपालमा व्यापार र लगानीका अवसरहरू खोज्न गहिरो रुचि व्यक्त गरे ।

सहभागीहरूले अर्थमन्त्रीसँग सम्भावित सहकार्यका क्षेत्रहरूमा छलफल गर्नुका साथै नेपालको लगानी नीति, सुविधा, क्षेत्रगत अवसरहरू र व्यवसायिक वातावरणका बारेमा चासो राखेका थिए । भारत भ्रमणमा रहनुभएका अर्थमन्त्री डा.वाग्लेले नेपाल-भारत आर्थिक सहकार्य, लगानी, कनेक्टिभिटी, ऊर्जा र विपद्पछिको पुनर्निर्माणलाई सुदृढ बनाउने विषयमा भारतीय अधिकारीहरू तथा व्यवसायिक एवं नीतिगत समुदायसँग उच्चस्तरीय छलफल गरेका हुन् ।

# सरकारले राष्ट्र बैंकको स्वायत्ततालाई कमजोर बनाउन खोज्दै छ : डा. खतिवडा

**काठमाडौं/मस-** पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले वर्तमान सरकारले नेपाल राष्ट्रबैंकको स्वायत्तता कमजोर बनाउन खोजेको आरोप लगाएका छन् । 'बैंकिङ क्षेत्रका विद्यमान चुनौती र अर्थतन्त्र' विषयक कार्यक्रममा बोल्दै उनले राष्ट्रबैंकलाई कमजोर बनाउने गरी कानूनी तथा संस्थागत व्यवस्था परिवर्तन गर्न लागिएको आरोप लगाएका हुन् ।



उनले गभर्नरको कार्यकाल घटाउने वा कार्यकारी नेतृत्वलाई अनिश्चित बनाउने गरी सरकारले कानुन बनाउन लागेको बताए । यस्तो व्यवस्थाले दीर्घकालीन मौद्रिक तथा वित्तीय नीति कार्यान्वयनमा अस्थिरता निम्त्याउने उनको भनाइ छ । उनले नियामक निकायलाई कमजोर बनाउन नहुनेमा जोड दिए । पाँच वर्षको गभर्नरको कार्यकाल विश्वव्यापी अभ्यास रहेको र यो केन्द्रीय बैंकको संस्थागत स्वायत्ततासँग जोडिएको उनको भनाइ छ । पूर्वगभर्नर रहेका खतिवडाले आफ्नो कार्यकालमा समेत अन्य नियामक निकायबाट राष्ट्रबैंकको क्षेत्राधिकारमा हस्तक्षेपको प्रयास भएको उल्लेख गरे ।

राष्ट्रबैंकले आफ्नो अधिकारक्षेत्र र स्वायत्तताको संरक्षणका लागि आवश्यक दृढ अडान लिनुपर्ने बताए । उनका अनुसार नेपाल राष्ट्रबैंक, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), अर्थ मन्त्रालय तथा अन्य नियामक निकायबीच क्षेत्राधिकारको विषयमा समस्या देखिने गरेको छ । खतिवडाले भने, 'अहिले राष्ट्रबैंकलाई स्वायत्त निकायबाट सरकारको सहयोगी बनाउन खोजिएको छ, गभर्नरको कार्यकालै घटाउन थाल्नुभयो। यसै ५ वर्षको गभर्नरको कार्यकाल राखिएको होइन। विश्वव्यापी प्रचलन हो ।' उनले हाल नेपालको बैंकिङ प्रणाली बलियो र सुदृढ रहेको रहेको बताए ।

# 'अन्तै भए पनि आफन्तको नजिक' इसेवाको अभियान, रेमिट्यान्सलाई डिजिटल भुक्तानीसँग जोड्दै

**काठमाडौं/मस-** इसेवाले विदेशमा रहेका नेपालीहरूलाई लक्षित गर्दै 'अन्तै भए पनि आफन्तको नजिक' अभियान सुरु गरेको छ । विदेशमा रहेर पनि आफ्ना परिवारको दैनिक तथा वित्तीय आवश्यकतासँग सहज रूपमा जोड्ने उद्देश्यले उक्त अभियान सुरु गरेको जनाएको छ । यस अभियानअन्तर्गत विदेशमा रहेका नेपालीहरूलाई नेपालमा रहेका आफन्तको इसेवा खातामा सोझै रेमिट्यान्स पठाउने सुविधाबारे जानकारी गराउनुका साथै, रेमिट्यान्सको सही उपयोग र डिजिटल भुक्तानीका फाइदाबारे जनचेतना अभिवृद्धि गरिनेछ । हाल इसेवामा विदेशबाट इसेवाका आधिकारिक रेमिट्यान्स पार्टनरहरूमार्फत सोझै नेपालमा रहेका आफन्तको इसेवा खातामा रेमिट्यान्स पठाउन सक्ने सुविधा रहेको छ।इसेवामा प्राप्त उक्त रकमबाट नेपालमा रहेका परिवारका सदस्यहरूले विद्युत् तथा खानेपानीको महसुल भुक्तानी, टेलिफोन तथा इन्टरनेटको बिल भुक्तानी, बीमा योजनाहरू खरिद तथा बीमाशुल्क भुक्तानी, विद्यालय शुल्क भुक्तानीलगायत दैनिक जीवनका डिजिटल भुक्तानीहरू गर्न सक्ने इसेवाले जनाएको छ । विदेशबाट प्राप्त रेमिट्यान्सलाई दैनिक जीवनका भुक्तानीहरूसँग जोडी परिवारका सदस्यहरूको जीवनमा सहजता ल्याउनका लागि इसेवा प्रतिबद्ध रहेको छ ।




भौगोलिक दूरीमा टाढा भए पनि परिवारप्रतिको जिम्मेवारी र आत्मीयता बढाउन यस अभियानले प्रभावकारी भूमिका खेल्ने इसेवाको विश्वास रहेको छ । विदेशमा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको मिहिनेतको कमाइ वैधानिक माध्यमबाट सिधै परिवारको हातमा पुर्‍याई त्यसबाट परिवारका दैनिक भुक्तानीहरू सुरक्षित एवम् सहज रूपमा गर्न मद्दत गर्नु यस अभियानको प्रमुख उद्देश्य रहेको छ । इसेवा खातामा सोझै रेमिट्यान्स पठाउन सकिने सुविधाले नगद झिक्न एजेन्ट वा बैंकसम्म धाउनुपर्ने झन्झटलाई अन्त्य गर्दै रेमिट्यान्स रकमलाई सोझै औपचारिक तथा डिजिटल अर्थतन्त्रसँग जोड्न मद्दत पुग्ने इसेवाको विश्वास छ ।

# अर्थतन्त्रका लागि साना तथा मझौला व्यवसायमा जाने कर्जा बढी महत्वपूर्ण

**काठमाडौं/मस-** नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं प्रवक्ता गुरुप्रसाद पौडेलले सम्पत्ति धितोमा आधारित कर्जा प्रणालीले परियोजनामा आधारित कर्जा प्रवाहलाई निरुत्साहित गरेको बताएका छन् । काठमाडौंमा आयोजित 'बैंकिङ क्षेत्रका विद्यमान चुनौती र अर्थतन्त्र' विषयक कार्यक्रममा पौडेलले नेपालको करिब ६७ प्रतिशत कर्जा सम्पत्ति वा धितोमा आधारित रहेको बताए।



उनका अनुसार धितोका आधारमा कर्जा दिन सहज हुने भएकाले बैंकहरू परियोजनाको सम्भाव्यता र जोखिम मूल्यांकनमा आधारित कर्जा प्रवाह गर्न हिच्किचाइरहेका छन् । उनले भने, 'हामीले एसेट्स ब्याक फाइनान्सिङबाट प्रोजेक्ट बेस्ड फाइनान्सिङमा सिफ्ट हुनैपरेको छ । धितोको ब्याकअपमा लोन दिन पाएपछि इनोभेसनमा रिक्स लिएर कसले लगानी गर्ने?'

पौडेलले नेपालको अर्थतन्त्रका लागि ठूला कर्जाभन्दा साना तथा मझौला व्यवसायमा जाने कर्जा बढी महत्वपूर्ण रहेको बताए । साना कर्जा तिर्नु पर्दैन भन्ने भाष्यका कारण कर्जा प्रवाह र असुली दुवैमा समस्या देखिएको उनको भनाइ छ।

हजारौँ घरेलु तथा साना उद्योगका लागि १०-१५ लाख रुपैयाँसम्मको कर्जा पर्याप्त हुने भए पनि असुलीमा देखिएको समस्याका कारण बैंकहरू त्यस्तो कर्जा प्रवाहमा समेत हिच्किचाइरहेको उनले बताए । प्रवक्ता पौडेलले भने, 'नेपालको अर्थतन्त्रका लागि हेर्ने हो भने ठूला कर्जाभन्दा साना कर्जा नै आवश्यक छन् । कर्जा असुलीमा समस्या पर्नु भनेको कर्जा प्रवाहमा समेत समस्या पार्ने हुनसक्छ ।'

उनले स्थानीय तहबाट चार किल्ला प्रमाणित गर्न नदिने तथा कर्जा असुलीका क्रममा आवश्यक सूचना र नोटिस जारी गर्न अन्य निकायबाट पर्याप्त सहयोग नहुने अवस्थाले समेत समस्या थपिएको बताए । पौडेलले नेपालको बैंकिङ क्षेत्र तुलनात्मक रूपमा बलियो अवस्थामा रहेको दाबी गरे । बैंक तथा वित्तीय संस्थाको क्यापिटल एडिक्वेसी रेसियो नियामकीय न्यूनतम ८.५ प्रतिशतभन्दा माथि करिब ९.७ प्रतिशत रहेको उनले बताए ।

बैंकहरूको ग्रस एनपीएल करिब ५.५ देखि ६ प्रतिशत पुगे पनि नेट एनपीएल २ प्रतिशतभन्दा कम रहेको र बैंकहरूले गरेको प्रोभिजनले जोखिम धान्नसक्ने अवस्था रहेको उनको भनाइ छ । बैंक तथा वित्तीय संस्थासँग करिब ५७ अर्ब रुपैयाँ बराबरको गैरबैंकिङ सम्पत्ति (एनबीए) रहेको भन्दै पौडेलले यसको व्यवस्थापनका लागि एसेट्स म्यानेजमेन्ट कम्पनी स्थापनाको प्रक्रिया अघि बढेको जानकारी दिए । पौडेलले बैंकिङ क्षेत्रका समस्या समाधानका लागि नियामक, अनुसन्धान तथा कानून कार्यान्वयन गर्ने निकायबीच समन्वय आवश्यक रहेको बताए ।

# भदौमा ५ अर्ब ९ करोडको विद्युत् निर्यात

**काठमाडौं/मस-** नेपालले भदौ महिनामा ५ अर्ब ९ करोड २४ लाख रुपियाँभन्दा बढीको विद्युत् निर्यात गरेको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार उक्त अवधिमा भारत र बंगलादेशतर्फ कुल ५६ करोड ५६ लाख ६ हजार ४ सय ४३ युनिट विद्युत् निर्यात भएको हो । प्राधिकरणले द्विपक्षीय सम्झौता र विद्युत् बजार (एक्सचेन्ज मार्केट) मार्फत विद्युत् बिक्री गरेको जनाएको छ । द्विपक्षीय सम्झौतामार्फत ४२ करोड १६ लाख युनिटभन्दा बढी विद्युत् ३ अर्ब ६४ करोड रुपियाँभन्दा बढीमा बिक्री भएको छ भने एक्सचेन्ज मार्केटमार्फत १४ करोड ३९ लाख युनिटभन्दा बढी विद्युत् निर्यातबाट १ अर्ब ४४ करोड ९९ लाख रुपियाँ आम्दानी भएको छ । भोटेकोशी बाढीबाट चिलिमे तथा त्रिशूली जलविद्युत् केन्द्रका संरचनामा क्षति पुगेपछि हाल बंगलादेशतर्फको विद्युत् निर्यात रोकिएको प्राधिकरणले जनाएको छ । अन्य आयोजनाबाट बंगलादेशतर्फ निर्यात पुनः सुरु गर्न भारतीय पक्षसँग आवश्यक स्वीकृतिका लागि अनुरोध गरिएको छ ।



**विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?**

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

**विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**